# लेखापरीक्षण प्रतिवेदन

# औरही नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## औरही नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/503

श्रीमान् प्रमुखज्यू,
औरही नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/503

**विषयः राय सहितको लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस औरही नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त सम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२.नगरपालिकाको आय- व्यय तर्फ रु.१ अर्ब ३४ करोड ८७ लाख ०१ हजारको लेखापरीक्षणबाट रु. ५ करोड ९२ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु ३७ लाख १ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड १७ लाख ९४ हजार नियमित गर्नुपर्ने रु.८३ लाख ६० हजार र पेश्की बाँकी रु. ३ करोड ५४ लाख ४३ हजार गरी जम्मा रु. ५ करोड ९२ लाख ९६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २८ करोड ४३ लाख १७ हजार मध्ये यो प्रतिबेदन तयार गर्दाका बखतसम्म सम्परीक्षण अनुरोध प्रापत नभई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ३४ करोड ३६ लाख १४ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।)

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले औरही नपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६० | ९६ | ५,९२,९६,४३८ | ० | ० | ० | ० | ६० | ९६ | ५,९२,९६,४३८ | ३७,००,५५७ | ८३,५९,७२६ | १,१७,९३,५१९ | ० | ० | २,०१,५३,२४५ | ३,५४,४२,६३६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | २८,४३,१७,३२० | ० | ० | २८,४३,१७,३२० | ० | ५,९२,९६,४३८ | ३४३६१३७५८ |

# औरही नगरपालिका, महोत्तरी

# ( ८०२१८५०२३०० )

# औरही नगरपालिका , महोत्तरी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु यस नगरपालिकाको मुख्य उद्देश्य छ।यस औरही नगरपालिकामा ९ वटा वडा कार्यालयहरु रहेका छन भने यस नगरपालिकाको क्षेत्रफल ३५.७६ वर्ग कि. मी. र जनसङ्ख्या ३७३६१ रहेको यस नगरपालिकाको २०७३ सालमा स्थापना भई संचालनमा आएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१३ देखि २०८२।०८।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ३४ करोड ८७ लाख ०१ हजार ३१४।८३, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**औरही नगर कार्यपालिकाको आ व २०८१।०८२ को एकीकृत आय-व्यय विवरण**

| एकिकृत आर्थिक विवरण | | | | आ.ब. २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | |
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | |
| **१** | **सुरुको मौजदात( गत वर्षको जिम्मेवारी)** | | **१०८७५०६२५.३५** | **१** | **चालु खर्च** | |
| | क) सञ्चित कोष | ९८४८९४५५.७६ | | | क)पालिकातर्फ आन्तरिक | ३८७४९५६४ |
| | ख) धरौटी | ९९८२६०३.७४ | | | ख)राजश्व बाँडफाँड | ७१८०५९८५ |
| | ग) अन्यकोष(विविध खर्च खाता) | ० | | | ग)विशेष अनुदान | २४०४१२५. |
| | घ) प्रकोप व्यवस्थापन कोष | २५८७१६.२५ | | | घ)समपुरक अनुदान | ० |
| | ङ) कार्य सञ्चालन कोष ( कर्मचारी कल्याण कोष | ० | | | ङ)समानिकरण अनुदान | १५५८५६४. |
| | च) आन्तरिक राजस्व | १९८४९.६ | | | च)सशर्त अनुदान | ११६६२२८९ |
| **२** | **यस वर्षको आय** | | **५१६५८९९१४.३७** | **२** | **पुँजीगत खर्च** | |
| | **क) आन्तरिक आय** | **८६५२८९९.६७** | | | क)पालका तर्फ आन्तरिक | ३४९९४३५९. |
| | **ख)वित्तीय हस्तान्तरण (संघीय सरकार)** | **४८२३३५१७६.४५** | | | ख)राजश्व बाँडफाँड | २३४९१४५. |
| | १)समानीकरण अनुदान | ९३९६२२४०. | | | ग)विशेष अनुदान | १७७०८००५ |
| | २) राजस्व बाँडफाट | ८१४६५१९६.४५ | | | घ)समपुरक अनुदान | ७०४८९२५. |
| | ३)सशर्त अनुदान | २७८८५७७४०. | | | ङ)समानिकरण अनुदान | ५२४४१८८ |
| | ४)समपुरक अनुदान | १००००००. | | | च)सशर्त अनुदान | ९७६६५६७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५)विशेष अनुदान | १८०५००००. | | २.१ | प्रदेशसरकार पूँजिगत खर्च | |
| | ६) रोयल्टी | ० | | | ग)विशेष अनुदान | ० |
| | ७) अन्य | | | | घ)समपुरक अनुदान | ० |
| | | | | | ङ)समानिकरण अनुदान | ११५८७५७. |
| | | | | | च)सशर्त अनुदान | ९४५४५८६. |
| **३** | **ग) वित्तीय हस्तान्तरण (प्रदेश सरकार)** | २३०३४३३७. | | **३** | **अनुदान फिर्ता खर्च** | |
| | १) समानिकरण अनुदान | ७२७००००. | | | संघीय सरकार तर्फ फिर्ता | ६७९९३२४१ |
| | २) सशर्त अनुदान | ९५०००००. | | | प्रदेश सरकार तर्फ फिर्ता | १४१२८८.३ |
| | ३) विशेष अनुदान | २५०००००. | | | | |
| | ४) समपुरक अनुदान | ० | | | | |
| | ५) राजस्व बाँडफाँट | ३७६४३३७. | | | | |
| ४ | **स्थानीय राजश्व बाँडफाँड** | २५६७५०१.२५ | | ४ | विभिन्न कोषको खर्च | |
| | | | | | क) धरौटीफिर्ता तथा सदर स्याहा | ११६३२८९. |
| | कर दाखिला बाँकी | | **४६६५०६** | | ख) कार्य सञ्चालनकोषबाट सडक वोर्ड | २०९९५०९. |
| | पुजिगत गो भौ नं. ९ पेश्की सम्बन्धि सिजृत | | **१२१२८०५७** | | ग) विविध खर्च खाता अन्य | ५७६५००. |
| | | | | | घ) प्रकोप व्यवस्थापनकोष खाता | २००००. |
| **५** | **अन्तर सरकारी** | | **१४२०७२६५४.** | **५** | **अन्तर सरकारी** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अख्तियारी** | | | | **अख्तियारी** | |
| | १) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४५६५४८०. | | | क) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४५६५४८०. |
| | २) घरेलु तथा साना उद्योग प्रवद्धन केन्द्र | ९५६७४८. | | | ख) गरिव संग बिश्वेश्वर कार्याकर्म | ९५६७४८. |
| | ३) सामाजिक सुरक्षा कार्यक्रम | १३४९२४६२२. | | | ग) सामाजिक सुरक्षा कार्यक्रम | १३४९२४६२ |
| | ४) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ८७५८०४. | | | घ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ८७५८०४. |
| | ५) स्वास्थयक्षेत्र सुधार कार्यक्रम | ७५००००. | | | ङ) स्वास्थयक्षेत्र सुधार कार्यक्रम | ७५००००. |
| | ५) माहामारी रोग नियन्त्रण कार्यक्रम | ० | | | च) माहामारी रोग नियन्त्रण कार्यक्रम | **०** |
| ६ | **अन्यकोषको आय** | | **९४१५२३०.६२** | ६ | **मौज्दात** | |
| | धरौटी | ६२५३९२१.२२ | | | क) सञ्चित कोष | |
| | कार्य सञ्चालनकोष को आय | १०६१८००.४ | | | ख)धरौटी खाता | |
| | अन्यकोषको आय | ० | | | ग) कार्यालय सञ्चालन कोष | |
| | **क) सडक बोर्डको आय** | २०९९५०९. | | | | |
| | ख) नगरविकास कोषको आय | ० | | | ङ) प्रकोप व्यवस्थापन कोष | |
| | ग)कर्मचारी कल्याण कोष | ० | | | च) आन्तरिक राजश्व | |
| | घ) जनश्रमदान | ० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | गैर सरकारी संस्थाबाट सञ्चालित योजना | ० | | | विविध खर्च खाता | |
| **जम्मा** | | | **७८९४२२९८७.१९** | **जम्मा** | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति रभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ९,१३,८९,२६५.२३ | ९,१३,८९,२६५.२३ | ८,५९,१३,२०९.८२ | ८,५९,१ |
| १३००० | अनुदान | ३५,२०,०५,४५०.५३ | ३५,२०,०५,४५०.५३ | २४,६४,५०,७५२.३८ | २४,६४, |
| १४००० | अन्य राजस्व | ५०,८०,५१८.७४ | ५०,८०,५१८.७४ | ३५,२७,३५३.७६ | ३५,२७, |
| क | कुल जम्मा प्राप्ति | ४४,८४,७५,२३४.५० | ४४,८४,७५,२३४.५० | ३३,५८,९१,३१५.९६ | ३३,५८, |
| ३ | चालु | २३,११,४१,१२९.०२ | २३,११,४१,१२९.०२ | २०,८७,००,१६२.३५ | २०,८७, |
| २१००० | पारिश्रमिक / सुविधा | ४,८०,१८,०२९.१८ | ४,८०,१८,०२९.१८ | ४,४५,३८,७४१.६८ | ४,४५,३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,३०,००,४२०.२५ | ८,३०,००,४२०.२५ | ५,९१,४५,६४३.६७ | ५,९१,४ |
| २५००० | सहायता (Subsidy) | ६०,५५,५९१.०० | ६०,५५,५९१.०० | ११,२१,२१४.०० | ११,२१, |
| २६००० | अनुदान | ८,४०,००,७४९.५९ | ८,४०,००,७४९.५९ | ९,२२,३०,९३५.०० | ९,२२,३ |
| २७००० | सामाजिक सुरक्षा | ४१,८१,७६४.०० | ४१,८१,७६४.०० | ४५,६४,६९२.०० | ४५,६४, |
| २८००० | अन्य खर्च | ५८,८४,५७५.०० | ५८,८४,५७५.०० | ७०,९८,९३६.०० | ७०,९८, |
| ४ | पूंजीगत | २२,२८,२१,३४०.४७ | २२,२८,२१,३४०.४७ | १०,४१,४२,०१०.७८ | १०,४१, |
| ३१११० | भवन तथा संरचना | ११,४९,३९,७६०.८५ | ११,४९,३९,७६०.८५ | ४,५९,८८,३५६.७८ | ४,५९,८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,०२,७५,३७५.०० | १,०२,७५,३७५.०० | ९०,६२,५७६.०० | ९०,६२, |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ४,७८,७८१.०० | ४,७८,७ |
| ३११५० | सार्वजनिक निर्माण | ९,७५,६६,२०४.६२ | ९,७५,६६,२०४.६२ | ४,२०,१८,६०५.०० | ४,२०,१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ११,८०,१५२.०० | ११,८०, |
| ३११७० | पूँजीगत सुधार | ० | ० | ५४,१३,५४०.०० | ५४,१३, |

| | | | | | |
|---|---|---|---|---|---|
| | खर्च | | | | |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ४०,०००.०० | ४०,०००.०० | ० | |
| ख) | कुल जम्मा भुक्तानी | ४५,३९,६२,४६९.४९ | ४५,३९,६२,४६९.४९ | ३१,२८,४२,१७३.१३ | ३१,२८,४ |
| ग) | बचत /कमी (ग = क-ख ) | (५४,८७,२३४.९९) | (५४,८७,२३४.९९) | २,३०,४९,१४२.८३ | २,३०,४९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | ५०,७०,६३२.२२ | ५०,७०,६३२.२२ | १२,८४,०७९.२२ | १२,८४,० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (४,६६,५०६.००) | (४,६६,५०६.००) | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,१६,६०२.७७) | (४,१६,६०२.७७) | २,४३,३३,२२२.०५ | २,४३,३३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १०,८७,४८,९१४.६५ | १०,८७,४८,९१४.६५ | ८,४४,१५,६९२.६० | ८,४४,१५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १०,८३,३२,३११.८८ | १०,८३,३२,३११.८८ | १०,८७,४८,९१४.६५ | १०,८७,४ |

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३४९२४६२२, राष्ट्रपति शैक्षिक सुधार तर्फ रु.८७५८०४, घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र तर्फ रु.९५६७४८, र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु.५१७८४८० गरी जम्मा रु.१४१९३५६५४ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय

विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.१७१०.७, यस वर्षको प्राप्ति रु.२२३३१४१९७.४७ यस वर्षको भुक्तानी रु.२१०२५४१८३.४७ र बैङ्क मौज्दात रु.१३०६१७२४.३५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षकोप्राप्ति | यसवर्षकोभुक्तानी | बैङ्कमौज्दात |
|---|---|---|---|---|
| सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १०८७४८९१४.६५ | ४५७३५८१६४.७२ | ४५७७७४७६७.४९ | १०८३३२३११.८८ |
| एकीकृतआर्थिक विवरणअनुसार | १०८७५०६२५ | ६८०६७२३६२.१९ | ६६८०२८९५०.९६ | १२१३९४०३६.२३ |
| फरक | १७१०.७ | २२३३१४१९७.४७ | २१०२५४१८३.४७ | १३०६१७२४.३५ |

२.३ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा आयकर ऐन २०५८ दफा ८७,८८,८९ अनुसार कट्टी गरेको कर दायित्व रु. ४,६६,५०६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६६,५०६ |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| बैंक तथा नगद मौज्दात | | | | |
|---|---|---|---|---|
| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
| ग २.४ - पुँजीगत खर्च खाता- जोर वर्ष / सिटिजन बैंक इन्टरनेस्नल लि., ०६६०१००००००९२०२ | १,२१,२८,०५६.८५ | ६४८०५१८१ | ५२६७७१२४.१५ | बैंक बढी |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / सिटिजन बैंक इन्टरनेस्नल लि., ०६६०१०००००१२४२०१ | १,५०,७३,२३५.९६ | १,५०,७३,२३५.९६ | ० | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / सिटिजन बैंक इन्टरनेस्नल लि., ०६६०१०००००१२१२०१ | ९,३४,८६,८६५.६७ | १०६०८२०८४ | १२५९५२१८.३३ | बैंक बढी |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता / सिटिजन बैंक इन्टरनेस्नल लि., ०६६०१०००००३६१२०१ | २,३८,७१६.२५ | उपलब्ध नभएको । | | |
| जम्मा | १२,०९,२६,८७४.७३ | | | |

लेखापरीक्षणको क्रममा पालिकाबाट पेश भएको विवरण अनुसार स्थानीय तह सञ्चित कोष खातामा रु.१२५९५२१८.३३बैंक बढी रकम देखिन्छ । त्यस्तै पुँजीगत खर्च खाता जोर वर्षमा रकम रु.५२६७७१२४.१५बैंक बढी भएको बैंक स्टेटमेन्ट सहितको विवरण पेश भएको छ । पालिकाले बैंक र श्रेष्ता बिचको मौज्दात रकम फरक पर्नुको कारण पत्ता लगाई हिसाब मिलान गर्नुपर्ने देखिन्छ । साथै, स्थानीय तह प्रकोप व्यवस्थापन खाताको बैंक स्टेटमेन्ट विवरण पेश नभएकोले यकिन हुन सकिएन ।

२.५ **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (मलेपफानं २७५) को अनुसूची १२ मा फिर्ता गर्न बाँकी अनुदान संघीय सशर्त तर्फ रु.१३०९९७ रकम बढी फिर्ता भएको विवरण पालिकाको सुत्रबाट देखिएकोले सो सम्बन्धमा यकिन गरी हिसाब फरफारक गर्नुपर्ने रु.

| अनुदानको बिवरण | कुल प्राप्ति | कुल खर्च रकम | संघ/ प्रदेशमा फिर्ता | बाँकि रकम |
|---|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | १६,०३,६२,७४०.०० | ११,६६,२२,८९०.०६ | ४,३८,०६,८५४.९४ | (६७,००५.००) |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ११,८४,९५,०००.०० | ९,७६,६५,६७५.८५ | २,०८,२९,३२४.१५ | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,८०,५०,०००.०० | १,७७,०८,००५.०० | ३,४१,९९५.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | ७०,४८,९२५.०० | ३०,१५,०६७.०० | (६३,९९२.००) |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९५,००,०००.०० | ९४,५४,५८६.६२ | ४५,४१३.३८ | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | २५,००,०००.०० | २४,०४,१२५.०० | ९५,८७५.०० | ०.०० |
| जम्मा | ३१,८९,०७,७४०.०० | २५,०९,०४,२०७.५३ | ६,८१,३४,५२९.४७ | (१,३०,९९७.००) |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,९९७ |

२.६ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय रु.८६ लाख ७२ हजार ७४९, राजस्व बाँडफाँडबाट रु. ८ करोड ७७ लाख ९७ हजार ०३४, र अनुदानबाट रु.३० करोड ६० लाख ६३ हजार ४१५ समेत गरी रु. ४० करोड २५ लाख ३३ हजार १९८ आम्दानी भएकोमा चालुतर्फ रु. २३ करोड ११ लाख ४१ हजार १२९ र पूँजिगततर्फ रु.२२ करोड २८ लाख २१ हजार ३४० करोड २१ लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र

राजस्व बाँडफाँडको रकमबाट चालु ५०.९१ प्रतिशत र पूँजिगत ४९.०८ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२.७ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०८७३०७७६ मौज्दात रहेकोमा यो वर्ष रु.१०८७४८९१४.६५ जिम्मेवारी सारेको छ ।पालिकाको जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८१३८.६६ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले बैंक सँग हिसाब भिडान मार्फत यकिन गरि हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | २२२८२१३३९ | ० | २२३२४०७० | ४९७३८४४० | १५०७५८८२९ | ९९६६०३३४ |
| | प्रतिशत | १०० | ० | १० | २२ | ६८ | ४५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२२२८२१३३९ निकासा भएकोमा प्रथम त्रैमासिकमा खर्च हुन सकेको छैन भनेदोश्रो त्रैमासिकमा रु.२२३२४०७०अर्थात १० प्रतिशत र तेश्रो त्रैमासिकमा रु.४९७३८४४० अर्थात २२ प्रतिशत र चौथो त्रैमासिकमा रु.१५०७५८८२९ अर्थात ६८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९९६६०३३४ अर्थात ४५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२.९ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु. १,२१,२८,०५६.८५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्नेमा गरेको देखिएन । सञ्चित कोषमा रकम दाखिला गरी हिसाबमिलान गर्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम** -

३.१ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पुँजीगत तथा चालु शीर्षकका ३८ वटा योजनाबाट घटाइ ५८ वटा बढाउने गरी रु.३ करोड ५३ लाख ४१ हजार वजेट घटाउने/बढाउने रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.६६ करोड ६२ लाख ८३ हजार ३४७ को तुलनामा ५.३० प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

३.२

**बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.४ **लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।पालिकाको ९ वटा योजनाहरु १०० प्रतिशत योजना कार्यान्वयन भएको देखिन्छ । त्यस्तै, ६० वटा योजनामा शून्य प्रगती भएको देखिएको छ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५ प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| कार्यक्रम संख्या | १५६ | ६० | ३ | ९ | १२ | ७२ |

**शत् प्रतिशत कार्यान्वयन भएका योजनाहरु**

| क्र.सं. | संकेत | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११.१.२.२९७९ | पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी | ३११११ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ३ | N/A | ९५१०००००. | ७३५९५८९६.८५ | १००. |
| २ | ११.४.२२.१६८६७ | यस औरही नपा अन्तर्गतका विपन्न दलित परिवारका घरधुरीहरुलाइ आवासको लागी भवन निर्माण ( दलित आवास कार्यक्रम ) | ३११११ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ५ | N/A | २५००००००. | १७७०८००५. | १००. |
| ३ | ३०१.२१.१.९० | नगरपालिकाको प्रशासकिय भवन निर्माण | ३११११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १५८३००००. | ९४५४५८६.६२ | १००. |
| ४ | ३०१.२१.१.४०३ | पाँच वटा वडा कार्यालयहरूको भवन निर्माण | ३११५१ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ४ | N/A | १००००००० . | ८७५८१६८. | १००. |
| ५ | ३०१.२१.१.४०३ | पाँच वटा वडा कार्यालयहरूको भवन निर्माण | ३११५१ | आन्तरिक श्रोत | ४ | N/A | १००००००० . | ८२०४८७५. | १००. |
| ६ | | औरहि न पा वडा नं २,४,६ र ८ अन्तर्गत कृषि विधुत्तिकरण तथा डिप वोर्डिगं | ३११५३ | मधेश प्रदेश - शसर्त अनुदान पुँजीगत | १ | पटक | ९५०००००. | ७२०००००. | १००. |
| ७ | ११.४.२२.१५०३८ | सोनामाई मन्दिरमा विवाह मण्डप एवं पोखरी सौन्दर्यकरण, औराही नपा-7 महोत्तरी | ३१११२ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ३ | N/A | ९००००००. | ७०४८९२५. | १००. |
| ८ | ३०१.२१.१.२५७ | कृषि विदुतियकरणको लागि विद्युत प्राधिकरण सँग भएको ट्रान्सफर्मर सम्झौता अनुसार लागत सहभागिता | ३११५३ | आन्तरिक श्रोत | १ | N/A | ८२५००००. | ६६३६१८४. | १००. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ११.१.२.२९८० | केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना | ३११११ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ४ | N/A | ७२०००००. | ४४०४३४४. | १००. |

**शून्य प्रगति भएका केही योजनाहरु**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ३११११ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १ | N/A | ७०००००. | ० | ० |
| वडा नं ५ को जागी मुखियाको घरदेखि दरेश मुखियाको घरहुदै भलुवाहा टोलसम्म सडकमा माटो ग्राभेल गर्ने | ३११५१ | आन्तरिक श्रोत | १ | N/A | ६२१३९५. | ० | ० |
| ब्रह्मस्थानको बाउन्ड्रिवाल प्लास्टर र गेट निर्माण गर्ने | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३ | N/A | ६०००००. | ० | ० |
| वडा नं ६ मा नयाँ कृषि सडक निर्माण गर्ने | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ६०००००. | ० | ० |
| राज किशोर यादबको घरदेखि मिश्री यादवको घर कमलेश यादवको घरदेखि गर्ने | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २ | N/A | ६०००००. | ० | ० |
| कविलासा शहिद प्रवेश द्धारको डि.पि.आर. तयार गर्ने | ३११५१ | आन्तरिक श्रोत | १ | N/A | ५०००००. | ० | ० |
| बर्दिबास-सम्सी सडक खण्ड बैरीया-शेरहामा मर्मत ग्राभेल सहित | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५०००००. | ० | ० |
| कविलासाको विभिन्न सडकको डि.पि.आर.तयार गर्ने | ३११५१ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | N/A | ५०००००. | ० | ० |
| शिलापत्र निर्माण तथा कार्यक्रम ब्यबस्थापन | ३११५९ | आन्तरिक श्रोत | १ | N/A | ५०००००. | ० | ० |
| वडा नं. ५ धर्मशाला देखि दक्षिण महादेव मन्दिर संरक्षण कार्य | ३११५९ | आन्तरिक श्रोत | १ | N/A | ५०००००. | ० | ० |
| प्रवेशद्धारको डिपिआर निर्माण | ३११११ | आन्तरिक श्रोत | १ | N/A | ५०००००. | ० | ० |
| श्री जनता आ वि फुलबरीयाको शौचालय निर्माण | ३११५८ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५०००००. | ० | ० |
| श्री जनता आ वि अग्लेश्वराको शौचालय मर्मत | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५०००००. | ० | ० |
| स्वास्थ्य संस्था मेशिनरी तथा औजार | ३११२२ | आन्तरिक श्रोत | १ | N/A | ५०००००. | ० | ० |

३.५ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका कुल १५६ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७९ | २५ | ४४ | १० |
| २. | वडास्तरीय | ७७ | ५ | ५० | २२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमी हुने संभावना रहन्छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५६ योजनामात्र कार्यान्वयन भई ६० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.६ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.९८३१६७३ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्रस | ८०२१८५०२१०२गत विगत बर्षको भुक्तानी हुन बाँकी योजनाहरु | विनियोजन | खर्चरकम |
|---|---|---|---|
| १ | वडा नं ८ मा राजकरण यादवको घरदेखी भरत यादवको खेतसम्म माटो पुरीकृषि सडक निर्माण गर्ने | २०००००. | १७१८३१. |
| २ | वडा नं २ का निम्न स्थानहरुमा पि.सि.सि ढलान गर्ने ( हनुमानमन्दिरदेखी–बिल्टु यादव, फुलवरियामा विजय ठाकुर–शोमन श्रेष्ठको गल्ली,मूलसडकदेखी शिवशरण यादवको घरसम्म ) | १४५४९६७. | १४५४९६७. |
| ३ | कृषि विदुतियकरणको लागि विद्युत प्राधिकरण सँग भएको ट्रान्सफर्मरसम्झौता अनुसार लागत सहभागिता | ८२५००००. | ८२०४८७५. |
| | | | ९८३१६७३. |

३.७ **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०३।१५ गते रु.४९ करोड ४३ लाख ९९ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले कानुनले तोकेको समयमा बजेट पेश र स्वीकृत गरी कानुनले तोकेको समयभित्र खर्चको अख्तियारी दिनुपर्दछ ।

३.८ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१८९०७७४० | ८६७२७४९.२७ | २.७२% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ संगठन तथा कर्मचारी व्यवस्थापन -

४.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा नगरपालिका तर्फ २९ र वडा

कार्यालय तर्फ २८ गरी जम्मा ५७ दरबन्दी स्वीकृत भएकोमा नगरपालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित २५ जना पदपूर्ति भइ ३२ रिक्त दरबन्दी रहेको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । दरवन्दी अनुसार कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाह र प्रशासनिक कार्यलाई नागरिकमैत्री बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **कर्मचारी व्यवस्था** - पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपूर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपूर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन ।

४.३ **तलबी प्रतिवेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलबी प्रतिवेदन निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलबी प्रतिवेदन पारित नगरी पालिका तर्फका २७ कर्मचारीलाई रु.१ करोड ४१ लाख ७ हजार ७५५ कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

४.४ **करार सेवा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन , विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम समेत नगरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु.१ करोड २८ लाख ४१ हजार ०७२ खर्च गरेको छ । लेखापरीक्षणको क्रममा करार नियुक्ति सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेस नभएकोले करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ ।

४.५ **डोर हाजिरी** - पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरु को कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्धेश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेस भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -**

५.१

**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने भएकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्राणाली तयार गरी लागु गर्नु पर्दछ ।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

**आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही वेहोराहरु:-**

- भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन संलग्न नगरी भ्रमण खर्च भुक्तानी गरेको,
- सबै कर्मचारीको हाजिरी विवरण विद्युतिय हाजिरी विवरणमा अध्यावधिक नगरेको,
- तलबी प्रतिवेदन पारित नगरी तलबभत्ता भुक्तानी गरेको,
- इन्धनको खर्च लेख्दा प्रयोजन खुल्ने र दुरी खुल्ने गरी लकबुक नभरेको,
- सूचना प्रकासन वापत पत्रिकालाई भुक्तानी गर्दा सिसि तथा दर उल्लेख नगरेको अवस्थामा पनि भुक्तानी दिने गरेको,
- भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण कामको उदेश्य, सम्पादित कार्यविवरण समेतको भ्रमण प्रतिवेदन संलग्न नगरि भ्रमण खर्च भुक्तानी गरेको,
- सवारी साधन मर्मत गर्दा नियमानुसार लागत अनुमान स्वीकृत गरी खर्च लेख्नुपर्नेमा सोझै भुक्तानी गर्ने गरेको,
- डोर हाजिरी विवरण प्रमाणित गरी भुक्तानी दिएको नदेखिएको,
- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नगरेको ,
- बिलहरु भुक्तानी दिनुभन्दा अघि भएको खर्चको विवरण र सो को प्रयोजन सम्बन्धी कागजातहरु संलग्न नगरी सिधै बिल रकमको आधारमा भुक्तानी गर्ने गरेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको,
- निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा नगरेको ,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राख्ने नगरेको ,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी नगरेको,
- सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा नगरेको,

यसर्थ

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनका लागि आन्तरिक नियन्त्रण प्राणाली तयार गरी लागु गराउनु पर्ने देखिन्छ ।

५.२ **आन्तरिक लेखापरीक्षण शाखा** - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५.३

**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षण अधिकृत लाई वार्षिक मासिक पारिश्रमिक रु.४३६८९ र ग्रेड समेत भुक्तानी गरेको सुत्रको विवरणबाट देखिन्छ ।आन्तरिक लेखापरीक्षकलाई राजस्वको जिम्मेवारी तोकि आन्तरिक लेखापरीक्षण गराएको छैन । कानूनले तोकेको कर्मचारीलाई फरक जिम्मेवारी तोकि आन्तरिक लेखापरीक्षण नगर्नु नगराउनु कानुनतः उचित होइन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६ **सम्पत्ति उपयोग र संरक्षण** -

६.१ **जिन्सी निरीक्षण:** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS) प्रविष्ट गर्न परिपत्र गरेको छ । तर यस पालिकाले आर्थिक वर्ष समाप्त भइसक्दा पनि जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार गरेको छैन् । नियमानुसार गत विगत देखिकै जिन्सी अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन हुनुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

६.२ **जिन्सी व्यवस्थापन सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

७ **कानुन निर्माण एवं कार्यान्वयन** -

७.१ **कानुन कार्यान्वयन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमुना कानुनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले यस वर्ष कानुन निर्माण गरी लागु गरेको सम्बन्धमा विवरण पेश नभएकोले कति कानुन निर्माण गरी लागु भए भन्ने सम्बन्धमा एकिन हुन सकिएन ।पालिकाले कानुन निर्माण सम्बन्धि विवरण उपलब्ध नगराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्छ ।

७.२ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले यस वर्ष न्यायीक समितिबाट गत विगतको मुद्धा संख्या ४८ वटा र यो बर्ष दर्ता भएका ६२ समेत जम्मा ११० वटा मुद्धा दर्ता भएकोमा यो बर्ष ८१ वटा मुद्धा फछ्यौट भई २२ वटा मुद्धा बाँकी रहेको विवरण पेश भएको छ । ऐन कानूनले दिएको अधिकार र जिम्मेवारीलाई कार्यान्यवन गरी बाँकी रहेका मुद्धाको सम्बन्धमा न्ययिक कार्यलाई प्रभावकारी बनाउने तर्फ पालिका लाग्नु पर्दछ ।

८ **पदाधिकारी सुविधा** - मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा

भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षको राजश्व बाँडफाड संघीय सरकारको स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.९१ लाख २४ हजार खर्च गरेको छ । पालिकाले आन्तरिक आम्दानी यो आर्थिक वर्षमा रु.८६ लाख ७२ हजार ७४९ गरेको छ । पालिकाले यो वर्ष राजस्व बाँडफाड आन्तरिक आयको १०५.२० प्रतिशत रकम बराबर पदाधिकारी सेवा सुविधामा मात्र खर्च गरेको छ । उक्त कानुनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

९ **विवरण नपठाएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिका मा पठाएको छैन ।

१० **वडा कार्यालय संचालन खर्च -** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्म्वार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । निर्धारित बजेट सिलिङ्ग भित्र, वडा समितिको निर्णय अनुसार गरिने खर्च, बाल विवाह न्यूनिकरण, दाइजो प्रथा न्यूनिकरण, विभिन्न पर्व जात्रा ब्यवस्थापन खर्च, खेलकुद प्रतियोगिता आयोजना तथा जनचेतनामूलक कार्यक्रम लगायतका शीर्षकमा रकम विनियोजन गरी खर्च गर्ने गरेको पाइयो। पालिकाले यस वर्ष वडा नं १ देखि ९ वटा वडा कार्यालय सञ्चालनका लागि रु.२३ लाख ३७ हजार १९९ खर्च गरेको छ । सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भूक्तानी लिएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्ने ब्यवस्था हुर्नु पर्दछ ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

१२ **चालु आ.व.को पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाको गत आर्थिक वर्ष सम्म म्याद नाघेको पेश्की रु. १ करोड ८१ लाख ४८ हजार ९८० रहेको विवरण सुत्रको म.ले.प.फा.न.२११ मा देखिन्छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई चालु आर्थिक वर्षको समेत फर्स्यौट नभई रु.३ करोड ५४ लाख ४२ हजार ६३५ बाँकी रहेको देखिन्छ। नियमानुसारको आ.व.२०८१।८२ को म्याद समाप्त भएको फर्स्यौट गर्न बाँकी रु.

| आ.व. : २०८१/८२ महिना : सबै | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीकोविवरण | पेश्कीलिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारीभए पद | चालुआ. व. | |
| | | | | | | म्याद ननाघेको रकम | फछ्र्यौटको अन्तिम म्याद |
| १ | २०८१/०७/१४ | ५६ | प्रथम वडाकप वडास्तरीय क्रिकेट टुनामेन्ट प्रतियोगिता नगर भित्रकावडाहरु मात्र | श्याम सुन्दर यादव | सहायक पाँचौ | ०.०० | २०८१/०८/१९ |
| २ | २०८१/०७/२७ | ६१ | भ्रमण बिल तथा भ्रमण खर्च | कविता विष्ट | सहायक | ०.०० | २०८१/०९/०२ |
| ३ | २०८१/११/०९ | ४३ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षागर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला सुरक्षित निशुल्क गर्भपतन रनवजात शिशुको निशुल्क उपचार कार्यक्रम | सीता कुमारी श्रेष्ठ | सि.अ.न.मी. | ०.०० | २०८१/१२/१५ |
| ४ | २०८२/०३/०२ | ६०६ | विविध खर्च | चन्द्रिका प्रसाद यादव | कार्यालय सहयोगी | १५०००. | २०८२/०४/०५ |
| ५ | २०८२/०३/०९ | ८७ | कोल्ड स्टोरको लागि जग्गा खरिद | चन्द्रिका प्रसाद यादव | कार्यालय सहयोगी | ४००००. | २०८२/०४/१२ |
| ६ | २०८२/०३/२५ | ८८३ | अन्य सेवा शुल्क | लक्ष्मण तामाङ्ग | सहायक चौथो | २४००००. | २०८२/०४/२८ |
| ७ | २०८१/०९/११ | ३ | गैर आवासीय भवननिर्माण/खरिद | खानी रौताह डि. एण्ड एन. जे.भी | | १५७६६७०५. | २०८१/१०/१७ |
| ८ | २०८१/११/२५ | ९ | पालिका अन्तरगत निर्माणाधिन ५।१०। १५ शैय्या आधारभूत अस्पतालकोमोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी | खानी रौताह डि. एण्ड एन. जे.भी | | ०.०० | २०८१/१२/३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | २०८१/ १२/ २२ | २५ | यस औरही नपा अन्तर्गतका विपन्न दलित परिवारका घरधुरीहरुलाइ आवासकोलागी भवन निर्माण ( दलित आवास कार्यक्रम ) | रेडिएन - मसानी जे . भी | | ०.०० | २०८२/ ०१/ २६ |
| १० | २०८१/ १२/ २६ | २८ | पाँच वटा वडा कार्यालयहरूको भवन निर्माण | रेडिएन - मसानी जे . भी | | ०.०० | २०८२/ ०१/ ३० |
| ११ | २०८२/ ०१/ १६ | ३० | यस औरही नपा अन्तर्गतका विपन्न दलित परिवारका घरधुरीहरुलाइ आवासकोलागी भवन निर्माण ( दलित आवास कार्यक्रम ) | रेडिएन - मसानी जे . भी | | ०.०० | २०८२/ ०२/ २० |
| १२ | २०८२/ ०३/ ०८ | ४८ | पाँच वटा वडा कार्यालयहरूको भवन निर्माण | कृष्ण निर्माण सेवा | | ४०८७००. | २०८२/ ०४/ ११ |
| १३ | २०८२/ ०३/ १३ | ५० | पाँच वटा वडा कार्यालयहरूको भवन निर्माण | कृष्ण निर्माण सेवा | | ४०८७००. | २०८२/ ०४/ १६ |
| १४ | २०८२/ ०३/ १३ | ५१ | सोनामाई मन्दिरमा विवाह मण्डप एवं पोखरी सौन्दर्यकरण औराही नपा-७महोत्तरी | सुप्रिम एलाइड कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | १०२४०००. | २०८२/ ०४/ १६ |
| १५ | २०८२/ ०३/ ०६ | ३ | औरहि न पा वडा नं २४६ र ८ अन्तर्गत कृषि विधुत्तिकरण तथा डिपवोर्डिगं | नेपाल विधुत प्राधिकरण गौशाला वितरण केन्द्र महोत्तरी | | ३८२३४०. | २०८२/ ०४/ ०९ |
| १६ | २०८२/ ०३/ २४ | ६६ | सोनामाई मन्दिरमा विवाह मण्डप एवं पोखरी सौन्दर्यकरण औराही नपा-७महोत्तरी | सुप्रिम एलाइड कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | १०१२०००. | २०८२/ ०४/ २७ |
| १७ | २०८२/ ०३/ २५ | ७४ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | विजय निर्माण सेवा | | ५३००००. | २०८२/ ०४/ २८ |
| १८ | २०८१/ ११/ ०८ | १७५ | घरभाडा | सुमन कुमार लाल कर्ण | | ०.०० | २०८१/ १२/ १४ |
| १९ | २०८१/ ११/ २१ | २३३ | अन्य कार्यालय संचालन खर्च | रघुनन्दन यादव | | ०.०० | २०८१/ १२/ २७ |

| | | |
|---|---|---|
| कुल जम्मा | ४०६०७४०. | |
| | पेश्की | ३,५४,४२,६३५.८५ |

१३ **राजश्व परामर्श समिति** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजस्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजस्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार पसल सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल बिदौरी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा नगरपालिका वाट यस बर्ष ७ वटा माछापोखरी, ४ वटा तरकारी बजार ठेक्काको मात्र आय समाबेस गरेको छ । अन्य क्षेत्रको आय, घर सटर बहाल, अन्य सार्वजनिक स्थान हरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक अयमा वृद्धी गर्न सकेको देखिएन ।अतःनियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धी गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

१४ **बिज्ञापन बोर्ड** - विज्ञापन (नियमन गर्ने) नियमावली २०७७(पहिलो संशोधन समेत) को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन।पालिकाले बिभिन्न सूचना तथा विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरेको मध्ये नमुना छनौटको रुपमा परीक्षण गर्दा देहाय अनुसारको रकम भुक्तानी गरेकोमा उक्त नियमानुसारको ३ प्रतिशतले हुने रकम कट्टा गरेको देखिएन । ऐन तथा नियमावली अनुसार ३ प्रतिशतले हुने रकम कट्टा गरी बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने देखिएको ।

**केहि उदाहरण निम्नानुसार रहेका छन्**

| भौचरनं | स्था.लेनं | भुक्तानीरकम | भुक्तानीपाउने |
|---|---|---|---|
| १५५।०८१।०९।१६ | ६०६६१०७७९ | ११६१६० | पब्लिकटुडे पब्लिकेशन |
| ४०२।०८२।०१।०७ | ६१००२२४५० | ३०२५०१ | बर्दिबासमिडिया ग्रुप प्रा लि |
| ४३४।०८२।०१।१४ | ६०९६४८६२३ | ५२७१५ | समृद्धि कन्सलटेन्ट ट्रेनिङ मिडिया सेन्टर प्रा लि |
| ६८४।०८२।०३।१७ | ६१००२२४५० | ४१९२३० | बर्दिबासमिडिया ग्रुप प्रा लि |

१५ **प्रमाण बेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका भौचरहरुबाट खर्च लेख्दा पेश भएको बिल, बिजक, प्रमाण तथा कागजातहरुको बेगर भुक्तानी गरेको देखिएकोले देहायका भौचरहरुबाट भुक्तानी भएको खर्च रकमका सम्बन्धमा खर्च पुष्ट्याईको प्रमाण तथा कागजात पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|
| ४३९। ०८२। ०१।१५ | सुर्यज्योतीलाईफ ईन्स्योरेन्स | ४८७५०५ | पालिकाले ८० जना नागरिकको जिबन बिमा गर्ने कार्यक्रम अन्तर्गतभुक्तानी गर्दा कर बिजक बेगरभुक्तानी भएको देखिएकोले रित पूर्वकको कर बिजक पेश गर्नुपर्ने । |
| ४५७। ०८२। ०१।२४ | सुर्यज्योतीलाईफ ईन्स्योरेन्स | १४०७८ | पालिकाले ८० जना नागरिकको जिबन बिमा गर्ने कार्यक्रम अन्तर्गतभुक्तानी गर्दा कर बिजक बेगरभुक्तानी भएको देखिएकोले रित पूर्वकको कर बिजक पेश गर्नुपर्ने । |
| ७३७। ०८२। ०३।२२ | सुरेश कुमार साह | २४०००० | योजना अनुगमन वापत भुक्तानी गरेकोमा श्रेष्ता साथ कुनै पनि प्रमाण पेश नभएको |
| | | प्रमाण पेश नगरेको | ७,४१,५८३ |

१६ **सफ्टवेयर खरिद** - पालिकाले कार्यान्वियनमा ल्याउन सक्ने सफ्टवेयर खरिद गरी कार्यान्वियनमा ल्याउनुपर्ने तथा खर्च रकमको प्रयोजन र दीर्घकालिन रुपमा पालिकाको सम्रग सेवा प्रवाह तथा स्थानीय शासन र विकास लाई प्रभावाकारी बनाउने सफ्टवेयर खरिद गरी भुक्तानी दिनुपर्नेमा पालिकाले यस वर्ष देहायका फर्महरुबाट सफ्टवयेर खरिद भुक्तानी दिएको छ । खरिद गरिएको सफ्टवयेर प्रणाली लागु भएको नदेखिएकोले प्रयोगमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | विवरण | कैफियत |
|---|---|---|---|---|
| ७७८।०८२। ०३।२४ | ४९०४२० | CITIZEN INFOTECH PVT LTD | HMIS Software for health institaion | प्रयोगमानआएको । |
| ७७२।०८२। ०३।२४ | ४८५३३५ | Ninja Infosys Pvt ltd | बेरुजुको अभिलेखीकरण र व्यवस्थापन सफ्टवेयर प्रणाली निर्माण | प्रयोगमानआएको । |

१७ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका भौचरहरुबाट खर्च लेख्दा पेश भएको बिल, बिजक, प्रमाण तथा कागजातहरुको आधारमा पेश भएको खर्च पुष्ट्याईको प्रमाण भन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | हुनुपर्नेभुक्तानी | बढीभुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| २२। ०८१। ०६। २२ | सन्तोष कुयादव | १५००० | १०००० | ५००० | पालिकाले २०८०।०६।२२ मापालो पहरामा मासिक रु १० हजार पारिश्रमिक पाउने गरी निर्णयको पत्र संलग्न गरीरकम रु १५ हजार भुक्तानी गरेको देखिन्छ । |
| १५०। ०८१। ०९। १६ | सुरेशकुमार साह | १६४७५ | १०३०० | ६१२५ | पालिकाले सुरेश साह लाई भ्रमण खर्च वापत भुक्तानी गर्दानियमानुसार नपाउने होटलबास खर्च भुक्तानी गरेको । |
| २७१। ०८१। ११। २७ | कबिताबिष्ट | ४०६४० | २१८०० | १८८४० | बगरखेती कार्यक्रममा सवारीभाडा ब्यानर तथा अन्य फुटकर खर्चकोपुष्टाई भन्दा बढी रकम भुक्तानी गरेको। |
| ४७७। ०८२। ०१। ३१ | चनद्रिकायादव | ९१५० | ८०५० | ११०० | भ्रमण खर्च नियमावली अनुसार प्रतिदिन १००० का दरले भ्रमण खर्चभुक्तानी हुनुपर्नेमा १२०० का दरले भुक्तानी गरेको । |
| ५२३। ०८२। ०२। ०८ | वडा नं ८ मा भलिबल प्रतियोगिता संचालन गर्ने खेलकुद विकास उ स | ५००००० | ४६१६८३ | ३८३१६ | पालिकाले वडा नं ८ मा भलिबल प्रतियोगिता संचालन गर्ने खेलकुद विकासउ स लाई भलिबल खेल प्रतियोगिताको लागि रु ३ लाख रकम पेश्की र बाँकी रकम भुक्तानी दिई निजको पेश्की फछ्यौट गर्दा संलग्न बिल भरपाई प्रमाणतथा कागजातहरुको आधारमा रकम रु.४६१६८३.६६ भुक्तानी गर्नुपर्नेमा रु.५ लाखभुक्तानी गरेको । |
| ८५५। ०८२। ०३। २५ | अमन मिडियासर्भिस | २७४२८ | १८५३२ | ८८९६ | श्रेष्ता साथ पेश भएको बिजक भन्दा बढी भुक्तानी भएको देखिएको । |
| | | | | असुल गर्नुपर्ने | ७८,२७७ |

१८ **वितरण मुखि खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाभित्र सम्पूर्ण कर छुट दिने घोषणा गरेबमोजिम वितगका वर्षहरुदेखि नै आन्तरिक राजस्वको संकलन शुन्य रहेको अवस्थामा वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाडबाट प्राप्त रकम वितरण मुखि कार्यक्रममा खर्च गरेको देखिन्छ । वित्तीय समानीकरणबाट प्राप्त अनुदान दीर्घकालिन रुपमा प्रतिफल दिने योजनाको छनौट गरी खर्च गर्नुपर्नेमा वितरणमुखि कार्यक्रम तर्जुमा मार्फत गरेको खर्च नियमसम्मत देखिदैन । साथै, आन्तरिक आयको अवस्थामा वृद्धि गरी यस प्रकारका खर्च गर्नुपर्नेमा संघीय समानीकरण अनुदानबाट प्राप्त रकम वितरणमुखि योजनामा खर्च गर्ने प्रवृतिमा सुधार हुनुपर्ने भनी विगतका वर्षहरुमा सुझाव दिदैँ आएकोमा यो वर्ष उल्लेखित वेहोरा यथास्थितिमै छ ।

**यस दफा सम्बन्धित केही उदाहरणहरु देहायबमोजिम छन् ।**

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | प्रयोजन |
|---|---|---|---|
| ४९।०८१।०७।११ | ५०००० | परशुरामठाकुर | नबाह व्यवस्थापनमा गंञ्जी, गम्छा र लुङगी वितरण |
| १०९।०८१।०८।२५ | ६०००० | अनिकाटेन्ट हाउस | धार्मिक तथा साँस्कृतिक कार्यक्रम प्रर्वद्धन सहायता |
| १२१।०८१।०९।०४ | २९९९०० | सोनामाईमेला व्यवस्थापन समिति | धार्मिक तथा साँस्कृतिक कार्यक्रम प्रर्वद्धन सहायता |
| १२९।०८१।०९।०७ | १००००० | दिनेशपंडित | धार्मिक तथा साँस्कृतिक कार्यक्रम प्रर्वद्धन सहायता |
| ४३१।०८२।०१।१२ | ८०००० | मनिस कुमारयादव | भुईंया महाराजको पूजा व्यवस्थापन खर्च |
| ४९७।०८२।०२।०३ | २३२७७० | सन्धयासप्लायर्स | रामनाम महायज्ञमा खाद्यान्न सामाग्री खरिद गरी वितरण |

१९ **कार्यक्रम खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०८० ले स्थानीय तहमा विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको असुल हुनुपर्ने रु.

| भौचर नं | भुक्तानीरकम | भुक्तानीपाउने | खर्चशीर्षक | नर्म्स | भुक्तानीदर | बढी | सेसन | जम्माबढी |
|---|---|---|---|---|---|---|---|---|
| ६७८।०८२।०३।१६ | १९५९४२ | ड्रिम अफयुथ | प्रशिक्षकभत्ता | ८०० | २००० | १२०० | १० | १२००० |
| ६८८।०८२।०३।१७ | १९५०७२ | नेपालमहिला विकास | प्रशिक्षकभत्ता | ८०० | २००० | १२०० | ६ | ७२०० |
| | | | प्रतिवेदन | १००० | ३००० | २००० | १ | २००० |
| ६९५।०८२।०३।१८ | ४९३५३३ | सरिताफाउन्डेशन | प्रशिक्षकभत्ता | ८०० | २००० | १२०० | २७ | ३२४०० |
| ७४१।०८२।०३।२२ | ३९५०४८ | नयाँ नेपाल | प्रशिक्षकभत्ता | ८०० | २००० | १२०० | १४ | १६८०० |
| | | | प्रतिवेदन | १००० | ३००० | २००० | १ | २००० |
| ८३७।०८२।०३।२५ | ४९८४०० | पालिकासेवा प्रा लि | प्रतिवेदन | १००० | ५००० | ४००० | १ | ४००० |
| जम्मा रकम रु | | | | | | | | ७६४०० |

| असुल गर्नुपर्ने | ७६,४०० |
|---|---|

२० **वितरण भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्मबाट

विभिन्न सामान खरिद गरी वितरण गरेको भनी खर्च लेखेको छ । वास्तविक लाभग्राहीले उल्लिखित सामाग्री प्राप्त गरेको सुनिश्चितताको लागि वितरण भरपाई श्रेष्ता साथ संलग्न राख्नुपर्दछ ।

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | कैफियत |
|---|---|---|---|
| १४५ । ०८१ । ०९ । १५ | ५६१४१७ | साक्षिइन्टरप्राइजेज | क्रिकेटसामाग्री खरिद गरी वितरण नगरेको । |
| ५२५ । ०८२ । ०२ । ०९ | ५६६७५ | ए आरट्रेडर्स | लेडिज ब्याग १९ थान २८२५ मू अ कर समेत ले खरिद गरी भुक्तानीदिएकोमा श्रेष्ता साथ वितरण भरपाई नभएको । |
| | ९६०५० | अमानतट्रेडर्स | क्याट ब्याग जेन्स ३५ थान प्रति थान मूल्य २८२५ मा खरिद गरीभुक्तानी दिएकोमा श्रेष्ता साथ वितरण गरेको भरपाई नभएको । |
| ५१६ । ०८२ । ०२ । ०६ | ४२४८८ | सुरजट्रेडर्स | ४ थान हिरो साईकल खरिद गरीभुक्तानी दिएकोमा श्रेष्ता साथ वितरण गरेको भरपाई संलग्न भएको नदेखिएको । |
| | ३३९०० | सुरजट्रेडर्स | १ तथा रेफ्रिजेनेरेटर खरिद गरी भुक्तानी गरेकोमा श्रेष्ता साथवितरण गरेको भरपाई संलग्न भएको नदेखिएको । |
| ५०६ । ०८२ । ०२ । ०३ | ९९७७९ | देव जनरल अडर सप्लायर्स | क्रिकेट सामाग्री खरिद गरी वितरण भरपाई श्रेष्तासाथ संलग्न भएकोनदेखिएको । |
| ६१९ । ०८२ । ०३ । ०४ | ५०००० | जिल्लाक्रिकेट संघ महोत्तरी | क्रिकेट सामाग्री खरिद गरी वितरण भरपाई श्रेष्तासाथ संलग्न भएकोनदेखिएको । |
| ८५१ । ०८२ । ०३ । २५ | ६८८९१५ | शिवइन्टरप्राईजेज | खेलकुद सामाग्री खरिद गरी वितरण भरपाई श्रेष्तासाथ संलग्न भएकोनदेखिएको । |
| ८२४ । ०८२ । ०३ । २५ | ९८०४० | कृषि घरप्रा लि | घाँसको बिए खरिद गरी भुक्तानी दिएकोमा श्रेष्तासाथ बिउ वितरणकोभरपाई नभएको । |
| ८१८ । ०८२ । ०३ । २५ | ५७७२०० | CANDELA MEDI CONCERN | अपाङ्ग व्यक्तिहरुलाई ह्विल चियर खरिद गरी वितरण गरेकोमाश्रेष्ता साथ वितरण भरपाई नभएको । |
| | १६२९२२४ | | |

२१ **निशुल्क औषधि उपचार सहायता** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,

२०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार बापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरिब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार नमुना परीक्षण गरिएको देहायको भौचरबाट यस वर्ष यस पालिका बाट २२ जनालाई रकम रु.४००००० रकम भुक्तानी गरेको छ ।पालिकाले दीर्घरोगीहरुको विवरण पालिकाको वेबसाइटमा राख्नुपर्नेमा नराखेको तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई समेत भुत्तानी भए/नभएको यकिन गरी दोहोरो नपर्ने भुक्तानी गर्नुपर्नेमा नगरेको देखिएकोले दोहोरो भुक्तानी नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन ।पालिकाले निःशुल्क उपचार सहायता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | कैफियत |
|---|---|---|---|
| ४५।०८१।११।०९ | ४००००० | २२ जना | क्यानसरतथा मृगौला पिडित बिरामीहरुलाई औषिध उपचार सहायता |

२२ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च वापत रु.३३ लाख १७ हजार ५१९ लाख खर्च गरेको छ ।पालिकाको आन्तरिक आम्दानी रु.८६ लाख ७२ हजार ७४९ रहेको सुत्रको आन्तरिक राजस्वको संक्षिप्त विवरणबाट देखिन्छ । पालिकाले विभिन्न समयमा खाना, चिया खाजामा खर्च गरेको रकमको बिल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै मेशिनरी औजार मार्मत सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताकालागि आर्थिक सहयोग, पत्र पत्रिकालाई भुक्तानी, कृषक अनुदान लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

२३ **फरक शीर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ (२) क अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत बर्गीकरण तथा व्याख्या, २०७४ ले निर्देशन गरेको ढाँचा अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहमा कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने पारिश्रमिक खर्च शीर्षकबाट ल्यापटप खरिद गरेको, स्वास्थ्व चौकीलाई फर्निचर खरिद गरेको, पालिकामा राख्ने प्रयोजनको लागि इन्भटर खरिद गरेको, इन्टरनेटको रकम भुक्तानी गरेको देखिएको तथा पत्रपत्रिकालाई भुक्तानी गरेको देखिएकोले शीर्षक फरक पारि लेखेको खर्च नियमसँगत नभएको रु.

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | हुनुपर्ने | भएको |
|---|---|---|---|---|
| ७६।०८१।०८।०५ | ५१००० | रेणु झा | इन्धन पदाधिकारी | कर्मचारीतथा पदाधिकारी अवलोकन खर्च |
| ९८।०८२।०२।०३ | २१६६५५ | रोजगार संयोजक र प्राविधिक सहायक | २२४१३-रोजगार संयोजकको पारिश्रमिक | 21111-स्वास्थ्य तर्फका कर्मचारीको पारिश्रमिक |
| | | | अनियमित भएको | २,६७,६५५ |

२४ **गैर सरकारी संस्थाबाट कार्यक्रम** - आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थासँगको कारोबारमा सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायमा उल्लेखित संस्था मार्फत कार्यक्रम संचालन गरी भुक्तानी दिएकोमा उक्त संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मूल्य अभिवृद्धि कर बिजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा सो बमोजिम नगरी घटी कर कट्टि गरेको देखिएकोले घटी कर कट्टि रकम असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | भुक्तानीपाउने | स्था.ले.नं | कार्यक्रम | कुलभुक्तानी | नर्म्स/ मूअकरमा दर्ता | कट्टी कर | १५%बापत | तिर्नुपर्नबाँकी |
|---|---|---|---|---|---|---|---|---|
| २७५। ०८१। ११।२७ | श्री सृजनशिल महिला उत्थान केन्द्र | ३०४९६९४६३ | ९ वटै वडामा बाल अधिकार सम्बन्धि सचेतनामूलक कार्यक्रम | ९४८७५ | नभएको | २८६९ | १४२३१ | ११३६२ |
| २७३। ०८१। ११।२७ | बरदाहा युवा क्लब | ६१८२९०५५८ | ९ वडामा महिला शसक्तिकरण कार्यक्रम | ९८२७५ | नभएको | ३०२० | १४७४१ | ११७२१ |
| ३७९। ०८२। ०१।०४ | रमिता कुमारी देवी | ६१८४८४७०४ | सिपमूलक सिलाईबुनाई तालिम | ७०५०० | नभएको | ७४३ | १०५७५ | ९८३२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,४६४ |

२५ **भ्रमण अभिलेख एवं प्रतिबेदन** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.८ लाख १० हजार १९५ खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन नराखेको तथा भ्रमणको उदेश्य, कामको प्रयोजन तथा स्वीकृति दिने अधिकारीको स्वीकृति बेगर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएकोले भ्रमण खर्चमा नियम कानुनको पालना भएको छैन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र खर्च लेख्ने, स्वीकृत नगरी भ्रमणमा नखटाउने तथा खर्चलाई पुष्टि गर्ने कागजात, भ्रमण बिलमा स्वीकृत गरी भ्रमण खर्च लेख्नु पर्दछ ।

२६ **दरबन्दी बेगर कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा सो गरिएको देखिएन। पालिकाले उपलब्ध गराएको दरवन्दी विवरण अनुसार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी बाहेकका देहायका पदहरुमा दरवन्दी स्वीकृत नगराई निम्नानुसारको पदमा करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको देखिएकोले स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्दा पालिकालाई थप आर्थिक व्यभार परेको अवस्था देखिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखि पारिश्रमिक भुक्तानि गरिनु नियमसँगत नभएको रु.

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ८०,९२,०७१ |

२७

**ईन्धन खर्च विष्लेषण** - प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकार द्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ व्यवस्थित गर्न बनेको ऐन को दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नम्स अनुसार रु.२७ लाख ९७ हजार ९८१ खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु.२० लाख ७९ हजार ९९५, पदाधिकारी ईन्धनमा रु.९ लाख ९९ हजार ९९९ र इन्धन जे.सी.बी. र ट्याक्टरमा रु.१३ लाख ७४ हजार ६०१ गरी जम्मा रकम रु.४४ लाख ५४ हजार ५९५ इन्धनमा खर्च लेखेको छ । पालिकाले यो आर्थिक वर्षमा आन्तरिक आय रु. ८६ लाख ७२ हजार ७४९ गरेकोमा इन्धन खर्चलाई आन्तरिक आय सँग तुलना गर्दा कुल आन्तरिक आयको ५१.३६ प्रतिशत बराबर इन्धनमा मात्र खर्च भएको देखिन्छ ।२०८१ श्रावण देखी २०८२ अषाढ सम्म नेपाल आयल निगमबाट प्रकाशित मूल्य सूचीलाई आधार लिई औषत दरको आधारमा विष्लेशण गर्दा पालिकामा १४ लाख २३ हजार ३८० खर्च हुनुपर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा पालिकाबाट संचालित उपकरणहरु जस्तै, डोजर,लोडर,एम्बुलेन्स लगाएतका सवारी साधनमा समेत खर्च भएको भनि पालिकाको भनाई रहेतापनि पालिकालाई कानुनले तोकेको नम्स भन्दा रु.२१६५२९४ को अभिलेख व्यवस्थित गरी राखेको देखिदैँन । यस सम्बन्धमा पालिकाले इन्धनको खर्च पुष्टि हुने अभिलेख राखी मितव्ययी तरवबाट इन्धन खर्च हुनुपर्छ ।

| | | | | |
|---|---|---|---|---|
| कार्यालय प्रयोजन | डिजेल १०० लि | २१०० | १५७ | ३२९७०० |
| | पेट्रोल ७५ लि | | | |
| नगर प्रमुख ले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| नगर उप प्रमूखले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| मोविल तथा अन्य प्रमुख तथा उप प्रमुख | प्रति ४ महिनामा १० लि | ६० | | ६०००० |
| मोविल तथा अन्य वडा अध्यक्ष | प्रति ४ महिनामा २ लि | ५४ | | ५४००० |
| जे सी बी र अन्य पालिकाका उपकरण | आवश्यकता अनुसार को खर्च | | | १३७४६०१ |
| जम्मा हुनुपर्ने रकम | | | | २२८९३०१ |
| सुत्र अनुसारको खर्च | | | | ४४५४५९५ |
| अभिलेख बेगरको इन्धन खर्च रु | | | | २१६५२९४ |

२८ **कर्मचारी प्रोत्साहन भत्ताः** कर्मचारी प्रोत्साहन भत्ता कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउदा अतिरिक्त काम गरेको समय खुल्ने गरी प्रमाणित हाजिरी राखुपर्ने व्यवस्था छ। कार्यपालिकाबाट निर्णय गरी अतिरिक्त समयमा काम गरेको भनी भुक्तानी भएको प्रोत्साहन पालिकाले अतिरिक्त समयमा काम काज गरेको कुनै मापडण्ड तथा कार्यविधि तय नगरेको तथा कार्यालय समय भन्दा बढी समय कार्य गरेको सम्बन्धमा श्रेष्तासाथ संलग्न हाजिरी विवरण तथा कागजातमा प्रोत्साहन भत्ता भुक्तानी हुनुपर्ने कुनै प्रमाण संलग्न नभएको प्रमुख प्रशासकीय अधिकृत र अन्य तोकिएका कर्मचारीलाई रकम रु.३९७१२८ प्रोत्साहन भत्ता उपलब्ध गराएको छ। पालिकाले कार्यबोझ विश्लेषण तथा सूचकसमेत तयार नगरी प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । प्रोत्साहन भत्ता उपलब्ध गराउदा अतिरिक्त समय काम गरेको प्रमाणित हुने हाजिरी विवरण राखेको देखिएन। मापडण्ड र कार्यविधि वेगर भुक्तानी गरेको प्रोत्साहन भत्ताले पालिकालाई थप आर्थिक व्यभार सिर्जना गरेको छ । पालिकाले स्पष्ट मापडण्ड र कार्यविधि नबनाई कर्मचारी प्रोत्साहन भत्ता उपलब्त्र गराउनुपर्दछ ।

२९

**कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ ।दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा रोयल्टी सेवा शुल्क विक्रि कमिशन बोनस अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था छ। आ.व. २०८१/८२ का लागि आन्तरिक राजश्व विभागद्धारा प्रकाशित आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८ क. र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा दफा ९५क. बमोजिम अग्रिम कर असुली सम्बन्धी व्यवस्था अनुसार दफा ८८ उपदफा (१) मा बैठक भत्ता, पटके रुपमा गरिएका अध्यापन गराए बापत, प्रश्न पत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी मा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने, दफा ८८ क उपदफा (१) ५ अनुसार बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्ने, तथा दफा ८८ को उपदफा (१) ४ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा ब्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिबृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा १.५ प्रतिशत का दरले कर कट्टी गर्नुपर्ने ब्यवस्था गरेक छ ।पालिकाले यस आ.व.मा देहाय बमोजिमका कर्यक्रमहरु गर्दा ऐनमा भएको व्यवस्था बमोजिम कैफियत खण्डमा उल्लेख भए अनुसार कर कट्टी नगरेको देखिएको रकम सम्बन्धितवाट असुल गरी संघीय संचितकोष दाखिला हुनु पर्ने रु.

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | करकट्टी गरेको | करकट्टी गर्नुपर्ने | करकट्टी बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| २०।०८१।०६।२२ | २८५६००० | ४८ जनाजनप्रतिनिध | २८५६ | २८५६० | २५७०४ | पदाधिकारी सेवा सूविधा वापतको रकम भुक्तानी गर्दा नियमानुसार १प्रतिशत कर कट्टी गर्नुपर्नेमा कम कर कट्टी गरेको । |
| | ४००००० | पुष्पराजखनाल | ४००० | ६०००० | ५६००० | पालिकाले सम्झौता गरी कानूनी सल्लाहाकार सँग परामर्श सेवा वापत १५%कर कट्टी गर्नुपर्नेमा १% मात्र कर कट्टी भएको । |
| १०३।०८१।०८।२० | ४६०००० | बिजय सिर्जना निर्माण सेवा | १०१७७ | ४६००० | ३५८२३ | पालिकाले विजय निर्माण सेवा सँग सम्झौता गर्दा नियमानुसार १०प्रतिशत कर कट्टी गरि बाँकी रकम भुक्तानी गर्ने गरी सम्झौता भएको तथा कररागर्दाको शर्तहरुमा कर बिजक सम्बन्धी कुनै शर्त नराखी सम्झौता गरेको देखिएकोले नियमानुसार भन्दा बढी रकमभुक्तानी भएको देखिन्छ । |
| २२६।०८१।११।२१ | ५०००० | अनिकाटेन्ट हाउस | ९०३ | ५००० | ४०९७ | पालनिकाले छठ पूजाको लागि टेन्ट भाडामा लिएवापत नियमानुसार १०प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा नगरेको । |
| २८२।०८१।११।२७ | १९९५०० | अनिकाटेन्ट हाउस | ४४९० | २९९२५ | २५४३४ | अनिका टेन्ट हाउसले २०८१।०८।१३ मा जारी गरेको १० थान बिजक जारीगरेको आधारमा भाडा वापत भुक्तानीगरेकको मा भाडा वापत मू अ कर बिजक जारी नभएको ले १५ प्रतिशत कर कट्टी गरी दाखिलागर्नुपर्नेमा नगरेको । |
| २९०।०८१।११।२७ | १९२१०० | नगर सभामा उपस्थित ४८ जना जनप्रतिनिध | १९२१०० | ० | ३३९०० | नगर सभाको बैठकमा कर कट्टीगरी बैठक भत्ता वापतको कर कट्टी गरी कर दाखिला नगरेको । |
| २८६।०८१।११।२७ | २०८८०० | किसान सूचिकरण कार्यक्रम | २०८८ | ३१३२० | २९२३२ | किसान सूचिकरण कार्यक्रममा गणकहरुलाई प्रति घरधुरी १०० रुपैंयाका दरले रकम भुक्तानी गर्दानियमानुसार १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कर कट्टी गरेकोदेखिएको । |
| ३१९।०८१।१२।१० | ४०२४५० | नगरपालिका भित्रका कर्मचारीलाई खाजा भत्ता भुक्तानी | ० | ६०३६७.५ | ६०३६७.५ | पालिकाले निणय गरी रुजु हाजिरी भएको दिनमा प्रतिदिन प्रति कर्मचारी ५० रुपैंयाका दरले खाजा भत्ताभुक्तानी गर्दा नियमानुसार कर कट्टी नगरेको । |
| ३००।०८१। | ९९२०० | श्रवण टेन्ट हाउस | १४९० | ९९०० | ८४१० | श्रवण टेन्ट हाउस ले जारी गरेको ५ थान कर बिजक अनुसार भाडामा १०प्रतिशतको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११। २८ | | | | | | दरले कर कट्टी गर्नुपर्नेमा नगरेको । |
| ४४५। ०८२। ०१। २२ | ३२००० | सीता कुमारी श्रेष्ठ | ० | ४८०० | ४८०० | पालिका भरीका स्वास्थ्य संस्थामा प्रति केश १००० का दरले USG गरेवापत भुक्तानी गर्दा नियमानुसार कर कट्टी नगरेको । |
| ४४०। ०८२। ०१। १६ | १५००० | चन्द्रिका प्रसाद यादव | ० | २२५० | २२५० | मुद्धाको व्यवस्थापन तथा बहस खर्च भुक्तानी गर्दा कर कट्टीनगरेको । |
| ४६७। ०८२। ०१। २८ | २३०००० | साबित्री निर्माण सेवा | २३००० | ३४५० | १९५५० | साबित्री निर्माण सेवा सँग गाडी भाडामा लिने सम्झौता अनुसमर १०प्रतिशत कर कट्टी गर्ने गरी सम्झौता भएकोमा १.५ प्रतिशत मात्र कर कट्टी गरेको । |
| ६५५। ०८२। ०३। ०९ | १९६३०० | नगरपालिका भित्रका कर्मचारीलाई खाजा भत्ता भुक्तानी | ० | २९४४५ | २९४४५ | पालिकाले निणय गरी रुजु हाजिरी भएको दिनमा प्रतिदिन प्रति कर्मचारी ५० रुपैंयाका दरले खाजा भत्ताभुक्तानी गर्दा नियमानुसार कर कट्टी नगरेको । |
| ६५३। ०८२। ०३। ०९ | ५७४९९९ | बिजय सिर्जना निर्माण सेवा | ७६३३ | ५६७३६.६ | ४९१०३.६ | पालिकाले विजय निर्माण सेवा सँग सम्झौता गर्दा नियमानुसार १०प्रतिशत कर कट्टी गरि बाँकी रकम भुक्तानी गर्ने गरी सम्झौता भएको तथा कररागर्दाको शर्तहरुमा कर बिजक सम्बन्धी कुनै शर्त नराखी सम्झौता गरेको देखिएकोले नियमानुसार भन्दा बढी रकमभुक्तानी भएको देखिन्छ । |
| ७३९। ०८२। ०१। २८ | २३०००० | साबित्री निर्माण सेवा | २३००० | ३४५० | १९५५० | साबित्री निर्माण सेवा सँग गाडी भाडामा लिने सम्झौता अनुसमर १०प्रतिशत कर कट्टी गर्ने गरी सम्झौता भएकोमा १.५ प्रतिशत मात्र कर कट्टी गरेको । |
| ८४४। ०८२। ०३। २५ | २१६००० | सुरेश कुमार महतो | २१६०० | ० | २१००० | गाडी बहाल सम्झौता अनुसार १० प्रतिशत कर कट्टी गर्नुपर्नेमा नगरेको। |
| **जम्मा रकम रु.** | | | | | ४२४६६६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२४,६६६.१ |

३० **पदाधिकारी सेवा सुविधा** - मधेश प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी तथा सदस्यले दोहोरो नपर्ने गरी सुविधा लिनु पर्ने व्यवस्था छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन,२०७७ को अनुसूची १ बमोजिम कार्यपालिका सदस्यले पाउने यातायात खर्च र अतिथि सत्कार खर्च उपलब्ध गराउने ब्यवस्था छ।पालिकाले देहाय बमोजिमका कार्यपालिका सदस्यहरु लाई टेलिफोन र

मोबाईल खर्च ऐनमा भएको ब्यवस्था भन्दा बढी भुक्तानी गरेको देखियो।ऐनमा गरेको ब्यवस्था विपरीत दोहोरो हुने गरी भुक्तानी भएको टेलिफोन र मोबाईल खर्च सम्बन्धित पदाधिकारीवाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौचरनं | भुक्तानीरकम | भुक्तानीपाउने | भुक्तानीहुनुपर्ने मासिक | भएकोमासिक | भएकोमहिना | बढीभुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०। ०८१। ०६।२२ | २८५६००० | ९ जना वडाअध्यक्ष्य | ३००० | ४५०० | ३ | ४०५०० | वडा अध्यक्षलाई टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| | | ७ जना कापा सदस्य | २००० | ३००० | ३ | २१००० | का पा सदस्यलाई टेलिफोन मोबाईल खर्च मासिक रु.२००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४००० का दरले भुक्तानी भएको । |
| ८९। ०८१। ०८।११ | ७१२००० | ९ जना वडाअध्यक्ष्य | ३००० | ४५०० | कार्तिक | १३५०० | वडा अध्यक्षलाई टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| | | ७ जना कापा सदस्य | २००० | ३००० | कार्तिक | ७००० | का पा सदस्यलाई टेलिफोन मोबाईल खर्च मासिक रु.२००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४००० का दरले भुक्तानी भएको । |
| ४०७। ०८२। ०१।०७ | ६९५९०० | ९ जना वडाअध्यक्ष्य | ३००० | ४५०० | चैत्र | १३५०० | वडा अध्यक्षलाई टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| ५१०। ०८२। ०२।०३ | ६७६५०० | ९ जना वडाअध्यक्ष्य | ३००० | ४५०० | बैशाख | १३५०० | वडा अध्यक्षलाई टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| ६०२। ०८२। ०३।०१ | ६८६००० | ९ जना वडाअध्यक्ष्य | ३००० | ४५०० | जेठ | १३५०० | वडा अध्यक्षलाई टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| ६९७। | ६९५५०० | ९ जना | ३००० | ४५०० | असार | १३५०० | वडा अध्यक्षलाई |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०८२।०३।१८ | | वडाअध्यक्ष्य | | | | | टेलिफोन मोबाईल खर्च मासिक रु.३००० का दरलेभुक्तानी गर्नुपर्नेमा मासिक रु.४५०० का दरले भुक्तानी भएको । |
| जम्मा रकम रु | | | | | | १३६००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,००० |

३१ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ न मिति | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत with vAt ps cont** |
|---|---|---|---|---|---|
| १३५-२०८२/०३/२४ | **कविलासाको विभिन्न सडकको डी.पी.आर. तयार गर्ने कार्य** | भूमि इन्जिनियरिङ कन्सोर्टियम | ४९७३५३ | ४८४०२४ | १५१२९९५०० |
| ७७२-२०८२/०३/२४ | **बेरुजू सफ्टवेर डिजाइनिङ, डेभलप्मेन्ट, इन्सटलेसन एण्ड ट्रेनिङ** | निन्जा इन्फोसिस प्रा लि ६०९६५०३३६ | ४९९७९२ | ४८५३३५ | |
| जम्मा | | | ९९७१४५ | ९६९३५९ | |

**परामर्श सेवा खरिदका सन्दर्भमा देखिएका मुख्य विषयहरु:**

**कविलासाको विभिन्न सडकको डी.पी.आर. तयार गर्ने कार्य :**

- **पेशागत दायित्व बिमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ४ क मा परामर्श सेवा खरिदमा परामर्श दाताले सम्झौता गरेको २० दिन भित्र सम्झौताको कुल रकमको सवै किसिमको जोखिम ब्यहोर्ने गरी सार्वजनिक नियकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बिमा professional liability insurance गराउनु पर्ने उल्लेख भएको मा त्यस्तो बीमालेख पेश भएको देखिएन।

- **सोधभर्ना हुने रकम:** Bill of Quantity को section B मा अन्य खर्च भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ।मुख्य परिश्रमिक खर्च बाहेक सोधभर्ना हुने खर्चको बिल पेस गरि सोध भर्ना लिनुपर्नेमा बिल पेस नगरी भुक्तानी लिएकोले प्रमाण पेश गर्नुपर्ने रु.७३३५३

| other expenses | रकम |
|---|---|
| stationary items | १८३३८ |
| Tools and equipment | ३६६७७ |
| transportation cost | १८३३८ |
| total | ७३३५३ |

**बेरुजू सफ्टवेर डिजाइनिङ, डेभलप्मेन्ट, इन्स्टलेसन एण्ड ट्रेनिङ:**

- **पेशागत दायित्व बिमा:**खरिद नियमावली २०६४ को नियम ११२ को ४ क मा परामर्श सेवा खरिदमा परामर्श दाताले सम्झौता गरेको २० दिन भित्र सम्झौताको कुल रकमको सवै किसिमको जोखिम ब्यहोर्ने गरी सार्वजनिक नियकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बिमा professional liability insurance गराउनु पर्ने उल्लेख भएको मा त्यस्तो बीमालेख पेश भएको देखिएन।

- **सोधभर्ना हुने रकम:** Bill of Quantity को section B मा अन्य खर्च भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ।मुख्य पारिश्रमिक खर्च बाहेक सोधभर्ना हुने खर्चको विल पेस गरी सोध भर्ना लिनुपर्नेमा बिल पेस नगरी भुक्तानी लिएकोले प्रमाण पेश गर्नुपर्ने ६००००

| 0perating cost | रकम |
|---|---|
| training logistic | १५००० |
| other cost | १०००० |
| transportation cost | ३५००० |
| total | ६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,३५३ |

३२ **रोयल्टी** - मधेश प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ अनुसूची-६ ले ढुङ्गा, गिट्टी / ग्राभेल र वालुवा लगायत नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रति घन मिटर रु.१५० देखी २०० तथा माटोको विक्रि तथा घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) रु. ७५ देखी १२५ का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ । मधेश प्रदेशका सबै पालिकाहरुले नदी जन्य पदार्थ उत्खनन र निकासी हुने गरी ठेक्का लगाएको देखिदैन। पालिका अन्तर्गत तपसिलका योजनाहरुमा कोटेशन मार्फत निर्माणका कार्यहरु गर्दा प्रयोग भएका नदीजन्य निर्माण सामग्रीहरुको ( ढुंगा, गिट्टी, बालुवा आदि ) सम्बन्धित स्थानीय तहमा रोयल्टी तिरेको प्रमाण पेश भएको नदेखिएकोले उक्त योजनाहरुमा प्रयोग भएका देहाय अनुसारका निर्माण सामग्रीहरुमा लाग्ने रोयल्टी तिरेरनै ल्याएको हो भन्ने कुरामा विश्वस्त हुन सकिएन। एक उदाहरण:

| भौ न | निर्माण गर्ने | योजनाको नाम | कार्य | प्रयोग भएको सामग्री | परिमाण | एकाइ | रोयल्टी दर | जम्मा रोयल्टी मु अ कर समेत |
|---|---|---|---|---|---|---|---|---|
| ४८-२०८२/०२/ ०५ | सन्ध्या कन्स्ट्रक्सन १२७९०५२११ | बर्दिवास साम्सी सडक खण्ड बैरीया शेरहामा मर्मत ग्रभेल सहित कार्य | Supplying Laying and compaction of sand Mix Gravel in with mixing red soil 15 cm thick layer including Manual compaction by manual | mix gravel | २१४ | cum | २०० | ४८३६४ |
| जम्मा | | | | | | | | |

३३ **नपुग बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा प्राविधिक मूल्यङ्कनमा भन्दा कम परिमाणमा सामग्री खरिद भएको बिजक पेस भएको तर मूल्यङ्कन अनुसारनै भुक्तानी भएको हुदा रु. २१८३४६ बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ न | भुक्तानी पाउने | योजनाको नाम | कार्य | प्रयोग भएको सामग्री | परिमाण | एकाइ | भुक्तानी दर प्रति घ मि जिल्ला दररेट | दिएको प्राविधिक विल अनुसार | विल बमोजिम पेश भएको परिमाण | बिल बमोजिम दिएको दर | प्राप्त बील रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८-२०८२/०१/ १४ | वडा न ९ को विभिन्न सडकमा पी सी सी ढलान गर्ने उ स | वडा न ९ को विभिन्न सडकमा पी सी सी ढलान गर्ने उ स | pcc M15(12391 cum) | aggregate 40mm | ६७ | $m^3$ | २२६६ | १५१६१५ | १०० | २१६५ | २१६५०० | ४४५०७ |
| | | | | aggregate 20mm | ३३ | $m^3$ | २३४८ | ७८५४७ | | | | |
| | | | | aggregate 10mm | ११ | $m^3$ | १९११ | २१३११ | | | | |
| | | | | coarse sand | ५६ | $m^3$ | १६६४ | ९२७८४ | ५० | १६६५ | ८३२५० | |
| ४६-२०८२/०२/०५ | कविलासा कुम्हार धर्मशाला देखी गौशाला सम्सी जने बाटो कालो पत्रे सम्म पी सी सी ढलान गर्ने उ स | कविलासा कुम्हार धर्मशाला देखी गौशाला सम्सी जने बाटो कालो पत्रे सम्म पी सी सी ढलान गर्ने उ स | pcc M15(328.14 cum) | aggregate 40mm | १७७ | $m^3$ | २२६६ | ४०१५०८ | २८० | २१६५ | ६०६२०० | ५९७५४ |
| | | | | aggregate 20mm | ८९ | $m^3$ | २३४८ | २०८०१० | | | | |
| | | | | aggregate 10mm | ३० | $m^3$ | १९११ | ५६४३७ | | | | |
| १७३-२०८२/०३/२५ | औरही बजार काले हार्डवेवरदेखी पश्चिम गौशाला जाने पुरानो बाटोमा पी सी सी ढलान गर्ने उ स | औरही बजार काले हार्डवेवरदेखी पश्चिम गौशाला जाने पुरानो बाटोमा पी सी सी ढलान गर्ने वडा न १ | pcc M15(१७०.९७ cum) | aggregate 40mm | ९२ | $m^3$ | २२६६ | २०९१९६ | १४० | | ३०८००० | ६८००३ |
| | | | | aggregate 20mm | ४६ | $m^3$ | २३४८ | १०८३७९ | | | | |
| | | | | aggregate 10mm | १५ | $m^3$ | १९११ | २९४०५ | | | | |
| | | | | coarse sand | ७७ | $m^3$ | १६६४ | १२८०२२ | ९० | ११०० | ९९००० | |
| १९१-२०८२/०३/२५ | शेहरा देखी कविलासा जाने बाटो पी सी सी ढलान गर्ने उ स | शेहरा देखी कविलासा जाने बाटो पी सी सी ढलान गर्ने वडा न ४ | pcc M15(२२८ cum) | aggregate 40mm | १२३ | $m^3$ | २२६६ | २७८९७८ | १८६ | २२४० | ४१६६४० | ४६०८२ |
| | | | | aggregate 20mm | ६२ | $m^3$ | २३४८ | १४४५३१ | | | | |
| | | | | aggregate 10mm | २१ | $m^3$ | १९११ | ३९२१४ | | | | |
| जम्मा | | | | | | | | | | | | २१८३४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१८,३४६ |

३४ **पूजीगत खर्चबाट चालु प्रकृतिका खर्च** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरि खर्च गर्न वा खर्च गर्ने निकासा दिनु पर्ने उल्लेख छ।नगरपालिकाले देहाय अनुसारका खर्च गर्दा शिर्षक फरक पारी खर्च लेखेको पाईयो। यसरी शिर्षक फरक पारी खर्च लेख्ने परिपाटिमा सुधार गर्नु पर्ने देखिन्छ ।

| क्र सं | गो भौ न मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १२८-२०८२/ ०३/ २४ | विभिन्न | क्षमता विकास र चेतनामूलक कार्यक्रम | २८९८८० |
| २ | १४३-२०८२/ ०३/ २४ | विभिन्न ७ जना | सवारीसाधन मर्मत | ७७९१० |
| जम्मा | | | | ३६७७९० |

३५ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सी.सी.फ्रेम स्ट्रक्चर सहितका भवन, जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | लइ |
|---|---|---|---|---|
| १२६-२०८२/०३/२३ | वडा न ७ को सोनामाइ मन्दिरमा पार्क निर्माण र सौन्दर्यकरण गर्ने उ स | वडा न ७ को सोनामाइ मन्दिरमा पर्क निर्माण र सौन्दर्यकरण गर्ने | ११६२६०२ | १२३६४९४ |
| १५६-२०८२/०३/२५ | उच्च मा वि श्रीपुरमा मन्च निर्माण गर्ने उ स | उच्च मा वि श्रीपुरमा मन्च निर्माण गर्ने | ९३८८११ | १०२३९८८ |
| १९५-२०८२/०३/२५ | खुट्टा गोसाइ मन्दिर निर्माण निमित्त माटो पुरी मन्दिर निर्माण उ स | खुट्टा गोसाइ मन्दिर निर्माण निमित्त माटो पुरी मन्दिर निर्माण वडा न ४ | १२२७८९० | २०५५७४४ |
| जम्मा | | | ३३२९३०३ | |

३६ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा लागत ईस्टिमेटमा सम्बन्धित नर्म्स र जिल्लादररेटको आधारमा मूल्याङ्कन गरी प्राविधिक बिल बनाई सोही अनुसार उपभोक्ता समितिलाइ भुक्तानी गरेको तर खर्च पुष्टी गर्ने बिल बिजक परीक्षण गर्दा ईट्टाको प्राविधिक मूल्यङ्कन भन्दा रु. ४६५१८ घटी बिजक भुक्तानी कालागि पेश गरेको पाइयो। वास्तविक भुक्तानी भन्दा न्यून रु.४६५१८ बराबरको इट्टाको बिल बिजक पेश गर्ने अन्यथा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो भौ र मिति | उपभोक्ता समितिको नाम | योजना/ कामको विवरण | काम | प्राविधिक मुल्याङ्क अनुसार | | | | | पेश भएको बीजक | | | प्राविधिक मुल्याङ्कन र बीजक रकम मा फरक | १३% अ कर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सामग्री | परिमाण | ईकाइ | दर | रकम | परिमाण | दर | रकम | | |
| १८५-२०८२/०३/२५ | रामपुकार - राजदेव सुखराम विरेन्द्रको जग्गा सम्म नाला निर्माण उ स निर्माण गर्ने उ स | रामपुकार राजदेव सुखराम विरेन्द्रको जग्गा सम्म नाला निर्माण गर्ने वडा न ३ | Flat brick solling 159.55 sqm | brick | ६७०१ | pcs | १५ | ९७१६६ | ४००० | १४ | ५६००० | ४११६६ | ४६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५१८ |

३७ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रू. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्या वा मालसामन सोझै खरिद गर्न सकिने तथा रू.२०

लाखसम्म लागत अनुमान भएको माल सामान निर्माण तथा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. ६१ लाख ४४ हजार २०३ खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्च ८ करोड ४३ लाख ७ हजार ९६४ को ७.२८ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ । केहि उदाहरण

| मिति | योजनाको नाम | निर्माण व्यवसायी | वडा | ल इ भ्याट रसित | सम्झौता भ्याट रहित | लागत अनुमानको तुलनामा घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ५४-२०८२/०२/१६ | मिचैंया टोल देखि जँहा खोला सम्मको सडक निर्माण | एस एस एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि६१००६२१५३ | २ | ८६०१८५ | ८४०७९० | २.२५ | ७६५३२३ |
| ५६-२०८२/०२/२० | अग्लेश्वरा देखी असमसान घाट जाने सडक वडा न ९ | ओम मा सारदे कन्स्ट्रक्सन ६०६०१८२६७ | ९ | ८६०१४७ | ८४२७१४ | २.०३ | ८४१०६१ |
| 99-२०८२/03/17 | अरण यादवको खेत देखी आर बी एस इटा भट्टा सम्म माटो पुरी ग्रावेल गर्ने | कृष्ण निर्माण सेवा ३०४९६७८०१ | ८ | ७३२५३९ | ७२४५८६ | १.०९ | ७२१६५८ |
| १६९-२०८२/03/२५ | टिमकिया बजार टोलमा माटोपुरी ग्राभेल कार्य | सनलाइट निर्माण सेवा ६१९७७८९२ | ९ | ६८६४०७ | ६६५४७९ | ३.०५ | |
| १७५-२०८२/03/२५ | भवनी गंजमा राम मन्दिर निर्माण कार्य | सत्य निर्माण निर्माण सेवा ३०२५५८९६४ | ९ | ७६९१७५ | ७४९७९५ | २.५२ | ६९०४२० |
| १९७-२०८२/03/२५ | वडा न ६ को मेनरोड देखी सोनमा जाने पीच बाटो सम्म माटोपुरी ग्रभेल | जन ज्योति कन्स्ट्रक्सन ६०१४१२३६९ | | ८८४८२३ | ८६२५२५ | २.५२ | ७७९५८९ |
| जम्मा | | | | ३०७२९४४ | ३००२३८५ | | २१९१६६७ |

३८ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(२) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने र मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ र दफा २ छ अनुसार ठेक्कापट्टा र दहत्तर बहत्तर आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर असुल नगरेकोले दहत्तर बहत्तरको ठेक्का वा अन्य प्रकृयाबाट गरिएका ठेक्कापट्टामा संकलन गरेको रकमको १३ प्रतिशतले हुने निम्नानुसारको मुल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का नं. | विवरण | ठेक्का अवधि वर्षमा | व्यावसायीको नाम | कबोल रकम रु. | यस वर्ष प्राप्त गर्नुपर्ने किस्ता रकम | मुल्य अभिवृद्धी कर |
|---|---|---|---|---|---|---|
| १ | कठुधार बजार | ०८१।४।३१,१ बर्ष | रामस्नेहि महतो | २३५००० | २३५००० | ३०५५० |
| २ | श्रीपुर धर्मशाला निरको बजार | ०८१।५।९,१ बर्ष | संजित कुमार राय | ३९6000.0 | ३९६००० | ५१४८० |
| ३ | भोईल वजार | ०८१।७।७,१ बर्ष | रामचन्द्र चौधरी | १५१५००.0 | १५१५००.0 | १९६९५ |
| ४ | टिमकिया वजार | ०८१।७।७,१बर्ष | संजित कुमार राय | ५१५00.0 | ५१५००.0 | ६६९५ |
| ५ | पश्चिमवारी माछा पोखरी | ०७७।६।१९,५बर्ष | सरोज कुमार यादव नमन कन्ट्रक्सन | ३७८६००० | ७५७२०० | ९८४३६ |
| ६ | पुर्वारी माछा पोखरी | ०७७।६।१९,५ बर्ष | ऋषि निर्माण सेवा सोभिन्द्र चौधरी | १६५५००० | ३३१००० | ४३०३० |
| ७ | भुटन माछा पोखरी | ०७७।६।२०,५ बर्ष | मनिष अधिकारी | ८६०००० | १७२००० | २२३६० |
| ८ | करहरवा माछा पोखरी सविता देवी | ०७९।४।८ ,५ बर्ष | अंजली कृषि पशु तथा माछा फर्म | १००३००० | २००६०० | २६०७८ |
| ९ | महादेवस्थान माछा पोखरी | ०७९।४।२६,५ बर्ष | नागेन्द्र मुखिया | १५११००० | ३०२२०० | ३९२८६ |
| १० | वावाकुटी माछा पोखरि | ०७९।११।३०,५बर्ष | सरोज यादव | १५०५००० | ३०१००० | ३९१३० |
| ११ | लखन साह माछा पोखरी | ०८०।६।३०,३ बर्ष | लक्ष्मेश्वर प्रसाद यादव | ३८५००० | १२८३३४ | १६६८३ |
| | | | | ११५३९००० | ३०२६३३४ | ३९३४२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९३,४२३ |

३९ **कर निर्धारण र असुली** -

३९.१ **राजस्वको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यसवर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फ.नं.१०८ले राजश्व आम्दानीको बैंक नगदी किताब र म.ले.प.फा.नं.१०८(क) राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन ।ऐनको व्यवस्था अनुसारम.ले.प.फ.नं.१०८ र म.ले.प.फा.नं.१०८(क) फारम राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको दस्तुर विज्ञापन कर दहत्तर वहत्तर र अन्य आन्तरिक आय वापतको रु.८६७२७४९।० आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम यकिन हुन नसकिने भएकाले विद्युतीय विवरणको अलावा तोकिएको ढाँचामा मलेप फारममा समेत अभिलेखिकरण गरियो भने विवरण सुरक्षित हुने हुन्छ ।प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण प्रणाली नभएकाले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।

३९.२ **उद्योग व्यवसायीको लगत** - पालिका भित्र के कति संख्यामा उद्योग ब्यबसायहरु संचालनमा आएका छन् नगरपालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितको लागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग ब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

**ब्यबसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष नगरपालिकाले पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५१८५० कर सङ्कलन गरेको देखिन्छ।उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर सङ्कलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

**घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.९४०१३६।३१ उठाएको देखिन्छ।

पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

**सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।पालिकाले सवारी कर बापत कर उठाएको देखिदैन ।सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असुलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

**सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकीकृत रुपमा हिसाव गरी एकीकृत सम्पत्ति वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ ।पालिकाले यस बर्ष भूमि तथा मालपोत कर वापत रु ४३४३६८।०उठाएको देखिन्छ भने सम्पत्ति कर उठाएको देखिएन। पालिकाले एकीकृत सम्पत्ति कर सम्वन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकीकृत सम्पत्ति कर प्राणली लागु गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकीकृत सम्पत्ति कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

**मेशिनरी उपकरणको आय र खर्चको स्थिती** - पालिकाले आफ्नो आन्तरिक आम्दानी बढाउनको लागि एम्वुलेन्स, जे.सी.वी. तथा अन्य पुँजीगत सम्पत्तिलाई भाडामा लगाएवापत प्राप्त हुने आम्दानीलाई व्यवस्थित गर्न सक्ने व्यवस्था छ।पालिकामा रहेका जे.सी.वी. बाट बर्ष भरीमा रु ९६०००।० मात्र भाडा वापतको आम्दानी देखाएको छ तर एम्बुलेन्स निशुल्क सेवा प्रदान गर्ने गरेको जानकारी प्राप्त भएको छ भने ट्याक्टर एक्जाभेटरर जस्ता मेशसनरी सामानको चालकको तलव भत्ता ईन्धन तथा मर्मत बापत खर्च गरेको उल्लेख गरेता पनि चालकको तलव भत्ता ईन्धनको लगबुक जस्ता अभिलेख राखेको छैन भने मर्मत सम्भार तथा ईन्धनमा खर्च रु १३७४६०१।० भएको देखिन्छ ।यस्ता पुँजीगत सम्पत्तिको प्रयोगबाट सिर्जना हुने आम्दानीको अभिलेख राखेको देखिएन।पालिकाले आम्दानी सिर्जना गर्न सक्ने सम्पत्तिको प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तथा भएको आम्दानीको व्यवस्थित अभिलेख राख्ने ब्यवस्था हुनुपर्दछ ।

३९.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिदौर शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०८१/८२ : आन्तरिक राजस्व अनुमानित तथा यथार्थ आय रु. | | | | |
|---|---|---|---|---|
| क्र.सं. | प्रासिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | कैफियत |
| १ | ११३१३ - सम्पती कर | ० | ५६६ | |
| २ | ११३१४ -भुमिकर/ मालपोत | २०००००० | ४३४३६९ | |
| ३ | ११३१७ -वहाल कर | १५००००० | ९४०१३६ | |
| ४ | ११३१८ ÷वहाल विटौरी कर | ४०००००० | २२१७२२६ | |
| ५ | ११४५१÷अन्य कर | ५००००० | ११६५० | |
| ६ | ११६२१÷व्यवसाय बाहेक अन्यले | ० | ५०० | |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १००० | |
| ७ | १४२१८÷ विद्धुत सेवा शुल्क | ० | १२५० | |
| ८ | १४२२१ न्यायिक दस्तुर | ५०००० | ८५५४ | |
| ९ | १४२२४ -परीक्षा शुल्क | ० | ३००० | |
| १० | १४२२५ यातायात क्षेत्रको आम्दानी | ० | २४००० | |
| ११ | १४२२९÷अन्य प्रशासनिक सेवा शुल्क | ०० | ४७२८११ | |
| १२ | १४२४२ -नक्सापास दस्तुर | ५०००० | १४५६१ | |
| १३ | १४२४३ -सिफारिश दस्तुर | ८००००० | ५१३५७० | |
| १४ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ३९१५८० | |
| १५ | १४२४५ -नाता प्रमाणित दस्तुर | २००००० | ७३००० | |
| १६ | १४२४९ -अन्य दस्तुर | १५००००० | १४०३६५० | |
| १७ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०० | २६८५० | |
| १८ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ०० | ५०५०० | |
| १९ | १४५२९÷ अन्य राजश्व | १०००००० | १९५४९७७ | |
| २० | १४६११ -व्यवसाय कर | ४००००० | १२५००० | |
| २१ | १४३१३ धरौटी सदरस्याहा | २००००० | ४००० | |
| २२ | १५१११÷वेरुजु | १०००००० | ०० | |
| जम्मा | | १४०००००० | ८६७२७४९ | |

माथि उल्लेखित अनुमानित आय र वास्तविक आयको तुलना गर्दा लक्ष्यको तुलनामा ६२.० प्रतिशत असुल भएको देखिएता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमान यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३९.४ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिकालागि आफ्नो क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जगगामा

बनेका संरचना उपयोग गरेबापत विभिन्न कर तथा शुल्क बहाल बिदौरी शुल्क आदि लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा आयकर ऐन २०५८ अनुसार सामान्य ब्याज दर १० प्रतिशतले हुने ब्याज गणना गरी सो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायीबाट असुल गर्न बाँकी रहेको देखियो । असुल हुन बाँकी राजश्व नियमानुसार ब्याज समेत असुल गरी दाखिला गर्नुपर्ने दखिएको रु.

| ठेक्का नं. | विवरण | ठेक्का अवधि | व्यावसायीको नाम | कबोल रकम रु. | यस आर्थिक वर्षमा प्राप्त गर्नुपर्ने किस्ता | यस आर्थिक वर्ष प्राप्त रकम | बुझाउन बाँकी रहेको किस्ता |
|---|---|---|---|---|---|---|---|
| १ | कठुधार बजार | १ | रामस्नेहि महतो | २३५००० | २३५००० | २३५००० | ० |
| २ | श्रीपुर धर्मशाला निरको बजार | १ | संजित कुमार राय | ३९६००० | ३९६००० | ३९६००० | ० |
| ३ | भोईल वजार | १ | रामचन्द्र चौधरी | १५१५०० | १५१५०० | १५१५०० | ० |
| ४ | टिमकिया वजार | १ | संजित कुमार राय | ५१५०० | ५१५०० | ५१५०० | ० |
| ५ | पश्चिमवारी माछा पोखरी | ५ | सरोज कुमार यादव नमन कन्ट्रक्सन | ३७८६००० | ७५७२०० | ० | ७५७२०० |
| ६ | पुर्वारी माछा पोखरी | ५ | ऋषि निर्माण सेवा सोभिन्द्र चौधरी | १६५५००० | ३३१००० | ० | ३३१००० |
| ७ | भुटन माछा पोखरी | ५ | मनिष अधिकारी | ८६०००० | १७२००० | ० | ० |
| ८ | करहरवा माछा पोखरी सविता देवी | ५ | अंजली कृषि पशु तथा माछा फर्म | १००३००० | २००६०० | ० | ० |
| ९ | महादेवस्थान माछा पोखरी | ५ | नागेन्द्र मुखिया | १५११००० | ३०२२०० | ० | ० |
| १० | वावाकुटी माछा पोखरि | ५ | सरोज यादव | १५०५००० | ३०१००० | ० | १८१००० |
| ११ | लखन साह माछा पोखरी | ३ | लक्ष्मेश्वर प्रसाद यादव | ३८५००० | १२८३३४ | | ० |
| | | | | | ३०२६३३४ | २३५००० | १२६९२०० |

| असुल गर्नुपर्ने | १२,६९,२०० |
|---|---|

४० **शिक्षा तर्फ -**

४०.१ **स्यानिटरी प्याड खरिद -** स्यानिटरी प्याड खरिद (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा ईमिसवाट प्राप्त विवरणको आधारमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा

ईमिसको विवरण अनुसार कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १८८७ जना रहेका छन। पालिकाले भौचर नं १८३।२०८२।३।१८ मा भैरवकुण्ड सप्लायर्स प्राली वाट प्रति प्याकेट रु ५२.५० का दरले ३०१३४ प्याकेट स्यानिटरी प्याड रु.१७८७६९९।० (मु. अ. कर समेत) मा खरिद गरेको छ। खरिद गरेका स्यानिटरी प्याडको स्यानिरी प्याड वितरण तथा ब्यवस्थापन कार्यविधि,२०७६ अनुसार तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार भएको प्रमाणित गरेको देखिएन ।उक्त सेनेटरी प्याड मध्ये हाल सम्म वितरण नगरी जिन्सी शाखामानै मौज्दात रहेको उल्लेख गरेको छ ।यसरी खरिद गरिएका सेनेटरी प्याड मौज्दातमा राखि रहदा गुणस्तरमा कमि आउने र प्रयोग गर्न मिल्ने समय समेत समाप्त हुदै जाने भएकाले सम्बन्धित बिद्यालयलाई वितरण गरि सहि सदुपयोग हुने ब्यवस्था मिलाउनु पर्ने देखिन्छ ।तसर्थ स्यानिटरी प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार खरिद गर्नुपर्दछ ।

४०.२ **विद्यालय भौतिक पूर्वाधार निर्माण** - भौचर नं २।८१।०८।२६ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने, शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ क्रियाकलाप नं ११.१.२.२९८६ अनुसार प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र भौतिक पूर्वाधार निर्माण मापदण्ड २०८० को अनुसूची ७ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार ४ कोठे भवन शौचालय समेत निर्माण गर्नुपर्ने व्यवस्था छ । पालिकावाट मिति २०८१।८।१८ मा सम्झौतागरी नमुना बिद्यालय श्री प्रसाद सिंह मा.बि औरहि ३ नौनिगौरी विद्यालय भवन निर्माण कार्यको लागि बिधालयवाट रु २२२९०६३९। भुक्तानी दिने गरी पेस गरेको लागत अनुमान र ठेक्कापट्टा को स्वीकृत गुरु योजना अनुसार भौतिक पूर्वाधार बिकास केन्द्रवाट स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐनको निर्माण प्रक्रिया द्वारा खरिद कार्य सम्पन्न गर्नु पर्ने र सोको प्राबिधिक मुल्याँकन गरी ,नापी किताब,तथा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र खर्च लेखिनु पर्नेमा रु १०००००० किस्ता गरी अनुदानको रुपमा खर्च लेखेको देखियो।सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यक्रम कार्यान्वियन कार्यबिधि २०८१।८२ अनुसार उक्त विद्यालय भवन निर्माण कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

४१ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५००० अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित १६ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापत रु.१६००००।- निकासा गरेको मा विद्यालयहरुले लेखापरीक्षण गराएको प्रतिबेदन लेखापरीक्षणमा पेश भएन। कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेखित व्यबस्था अनुसार विद्यालयहरुको आय व्ययको लेखापरीक्षण समयमै गराएर पालिकामा प्रतिवेदन पेश गर्नुपर्दछ।

४२ **विद्यालयगत निकासा** - विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन । अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

४३ **सामूदायिक विद्यालय अनुगमन** - कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८१।८२ अनुसार सामूदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले

सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वियन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

४४ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण -** शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ यकिन गर्ने (बुदाँ १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (बुदाँ १२) व्यवस्था छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नया नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा वास्तविक हो भनी यकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वियनतर्फ ध्यान दिनुपर्दछ।

४५ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि नं | विद्यालयको नाम | स्थायी | अस्थायी | राहत | दरबन्दी | पदपूर्ती | बिद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रसाद सिंह मा.वि. औरही | १५ | ० | २ | १७ | १७ | ७५८ | ४५ |
| २ | श्री सोन्फी दशै मा.वि. श्रीपुर | १५ | ० | ४ | १९ | १९ | १८०२ | ९५ |
| ३ | श्री रामविलास यादव जनता मा.वि. भोइल टिमकिया | ७ | ० | ५ | १२ | १२ | ११३७ | ९५ |
| ४ | श्री माध्यमिक विद्यालय बैरिया | ४ | ० | ० | ४ | ४ | ७१३ | १७८ |
| ५ | श्री जनता आ.वि. सोनामाई अगलेश्वरा | ४ | ० | १ | ५ | ५ | ६४९ | १३० |
| ६ | श्री जनता आ.वि. औरही १ | ३ | ० | २ | ५ | ५ | ४७५ | ९५ |
| ७ | श्री ने.रा. आ.वि. कठुधार | २ | ० | २ | ४ | ४ | ३९६ | ९९ |
| ८ | श्री जनहवी आ.वि. चेपकट औरही २ | ५ | ० | ० | ५ | ५ | ३६६ | ७३ |
| ९ | श्री सरस्वती आ.वि. सेरहाटोल औरही ४ | १ | ० | १ | २ | २ | ३४६ | १७३ |
| १० | श्री सोनामाई आ.वि. टिमकिया | ० | ० | २ | २ | २ | २१७ | १०९ |
| ११ | श्री सोनामाई आ.वि. भोइल | ० | ० | २ | २ | २ | २१६ | १०८ |
| १२ | श्री जनता आ.वि. फुलवरिया औरही २ | १ | ० | ० | १ | १ | १९६ | १९६ |
| १३ | श्री ने.रा. आ.वि. भवानीगञ्ज | १ | ० | ० | १ | १ | १३३ | १३३ |
| १४ | श्री ने.रा. आ.वि. श्रीपुर | २ | ० | २ | ४ | ४ | २०४ | ५१ |

उक्त दरबन्दी पदपूर्ति अनुसार केहि विद्यालयमा शिक्षक कमी तथा विद्यार्थी संख्या बढी र केही विद्यालयमा शिक्षक बढी तथा विद्यार्थी संख्या कम रहेको देखिन्छ । पालिकाले आवश्यकता अनुसार शिक्षक र विद्यार्थी अनुपात मिलान गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

४६ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने र यस कार्य अन्तर्गत स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबिच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४७

**गैर सरकारी संस्थाबाट काम गराएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने,व्यवस्था छ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी नियम ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी नियमावलीको नियम ९९ बमोजिम मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी बजेटलाई आधार बनाई प्रस्ताव माग गरी स्किल डेभलपमेन्ट ईन्सिच्यूट प्राली संग ४० दिने क्षमता अभिवृद्धि तथा १० दिन जीवन उपयोगी कार्स्थलमा आधारित सिप क्षमता विकास तालिम संचालन गरेको छ । संस्थाबाट जनचेतना सम्बन्धी तालिम संचालन गरेकोले खर्च मितब्ययी भयो भन्नसक्ने अवस्था समेत रहेन । सो काम गराउन सक्ने क्षमता तथा अन्य विषयहरु यकिन नगरी सेवा खरिद कार्य गर्नु नियमसम्मत देखिएन । साथै ती संस्थावाट संचालित तालिम कार्यक्रममा प्रशिक्षकको रुपमा प्राप्त पारिश्रमिकमा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत कर सम्बन्धित प्रशिक्षकवाट कट्टा गरेको देखिन्छ तर उक्त कर रकम राजस्वमा दाखिला गरेको नदेखिएकाले दाखिला गरेको भए दाखिला गरेको प्रमाण अन्यथा सम्बन्धितवाट असुल गरी दाखिला हुनुपर्ने रु.

| सि नं | **भौचर नं मिति** | प्रशिक्षकको नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| १ | १४६।८२।३।३० | श्री वरण साह | १०००० | १५०० |
| २ | | श्री दिपेन्द्र कुमार मिश्र | १०००० | १५०० |
| ३ | | श्री कमलेश साह तेली | ४८००० | ७२०० |
| ४ | | श्री शिवशंकर साह | ४८००० | ७२०० |
| ५ | | श्री धर्मेन्द्र यादव | २५००० | ३७५० |
| ६ | | श्री विनिता कुमारी सिंह | १२५०० | १८७५ |
| | | | १५३५०० | २३०२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०२५ |

४८ **अग्रिम कर कट्टी** - भौचर नं २१६।०८२।३।२४ आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ । दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा अन्य कुनै प्रतिफल रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत का दरले र १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था छ।पालिकावाट आमा सुरक्षा तथा मातृशिशु प्रसुती कार्क्रम संचालन निर्देशिका २०८१।८२ अनुसार वर्थीङ्ग सेन्टरमा प्रसुती गराएका प्रतिकेस रु.२५०० स्वास्थ्य संस्था संचालन खर्च र प्रति ब्यक्ति रु.१००० का दरले यातायात खर्च उपलब्ध गराउने ब्यवस्था रहेको छ। साथै संस्थालाई उपलब्ध गराएको रु. २५०० मध्ये रु. ३०० स्वास्थ्यकर्मीलाई रु. २२०० स्वास्थ्य सामाग्री खरिदमा खर्च हुने ब्यवस्था छ ।तर पालिकाले औरहि आधारभूत नगर अस्पताललाई पठाएको ३०८ केशको रु. ३०० का दरले हुने रकम रु.९२४०० ऐन अनुसारको १५ प्रतिशत ले हुने रु.१३८६०

स्वास्थ्य सामाग्री खरिद रु.६७७६०० मा १.५ प्रतिशतले हुने रु.१०१६४ गरL जम्मा रु. २४०२४ र कट्टी गरेको नदेखिएकाले सम्बन्धित संस्थावाट बिवरण लिई कर दाखिला भए नभएको एकिन गर्नुपर्ने अन्यथा नियमानुसार असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,०२४ |

४९ **अनुदानको अनुगमन** - स्थानीय सरकार संचालन ऐन,२०७४ परिच्छेद ६ दफा २४ र २५ मा योजना तर्जुमा तथा कार्यान्वियन सम्बन्धि ब्यवस्था अनुसार योजना बनाई कार्य गर्ने र ति योजना कार्यन्वयन गराई अनुगमन तथा मुल्याँकन समेत गर्नुपर्ने तथा सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले भौचर नं २१५।८२।३।२४ वाट विपन्न परिवारका महिलाको पोषण सुधारका लागी बाख्रा पालन आय आर्जन कार्यक्रमकालागी छनौट भएका रितु कुमारी निर्मला कुमारी समेत २५ जना घ आमा समुहको लागी प्रति ब्यक्ती रु २५०००।० हजारका दरले रु ६२५०००।०अनुदान उपलब्ध गराएको छ । तर पालिकाबाट बितरण भएको उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको देखिएन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले अनुगमन गर्नुपर्दछ ।

५० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा रु.८६१६००० मध्ये रु.६०२९१०० (७०.०%) खर्च गरेको छ।यस कार्यक्रमको लागी विनियोजित वजेट तथा वार्षिक खर्च विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | वजेट विनियोजन | खर्च (रु.) | खर्च% | बाँकी (रु.) |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायकको पोसाक | १०,००० | १०,००० | १०० | ० |
| २ | रोजगार सहायकको पोशाक भता | १०,००० | १०,००० | १०० | ० |
| ३ | रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च | १,००,००० | ० | ० | १,००,००० |
| ४ | कार्यस्थलमा सुरक्षा सामाग्री | २५,००० | ११,७१९ | ४७ | १३,२८१ |
| ५ | कार्यस्थलमा सुरक्षा सामाग्री | २,००,००० | २,००,००० | १०० | ० |
| ६ | प्राविधिक सहायकको तलव | ५,००,००० | ४,५१,४९० | ९० | ४८,५१० |
| ७ | रोजगार सहायकको तलव | ५,००,००० | ४,५१,४९० | ९० | ४८,५१० |
| ८ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम | ४५,००० | ४५,००० | १०० | ० |
| ९ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | १,००,००० | ० | ० | १,००,००० |
| १० | रोजगार संवाद मञ्चको सञ्चालन | ३०,००० | ० | ० | ३०,००० |
| ११ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | १,००,००० | ९७,५०० | ९८ | २,५०० |
| १२ | अन्य विविध खर्च (चिया, पानि लगायत अन्य विविध) | २४,००० | ० | ० | २४,००० |
| १३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | १,००,००० | ९८,००० | ९८ | २,००० |
| १४ | रोजगार संयोजकको पोसाक(नेपाल सरकार) | १०,००० | १०,००० | १०० | ० |
| १५ | रोजगार संयोजकको तलव(नेपाल सरकार) | ५,६८,००० | ५,६७,९५७ | १०० | ४३ |
| १६ | कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम र जिवन उपयोगी सिप तालिम | ९,००,००० | ८,६२,४७२ | ९६ | ३७,५२८ |
| १७ | रोजगारी सृजना(आई.डी.ए.) | २६,००,००० | १३,२३,६४५.२० | ५०,९१ | १२,७६,३५४.८० |
| १८ | रोजगारी सृजना(आई.डी.ए.) | ७२,००० | ० | ० | ७२,००० |
| १९ | रोजगारी सृजना(नेपाल सरकार) | २७,२२,००० | १८,८९,८२७.०७ | ६९ | ८,३२,१७२.९३ |
|  | जम्मा | ८,६१६,००० | ६,०२९,१०० | ७० | २,५८६,९०० |

**यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।**

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।
- पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।
- उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।
- प्रधानमन्त्री रोजगार कार्यक्रम- २०८०।८१ मा सुचिकृत १४१० जना रहेकोमा २०२ जनालाई औषत २४ दिनका दरले ४८१२ दिन कुल रोजगारी दिएको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । धेरै वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

**श्रमिकवाट सम्पन्न कामको विवरण तथा खर्च विवरण**

| क्र.सं. | प्रधानमन्त्री रोजगारकार्यक्रम अन्तर्गत संचालित योजनाहरुको नाम | रकम रु. |
|---|---|---|
| १ | वडा नं.२सुकेश्वरको घर देखि बेचु गोपालको खेत हुदै जँघा खोला सम्म नयाँ कृषि सडक निर्माण | २१३०७१ |
| २ | वडा नं.९को माई घर देखि नख्खा सम्म कुलो मर्मत सम्भार गर्ने | ७७२१३ |
| ३ | वडा नं.९को महादेव मन्दिर देखि भठ्ठा सम्म कुलो मर्मत सम्भार गर्ने | ९५,२५७ |
| ४ | वडा नं.९को महेश मण्डलको खेत देखि जितेन्द्र चौधरीको भठ्ठा सम्म कृषि सडक मर्मत सम्भारगर्ने | ३२३२४५ |
| ५ | वडा नं.२भित्रका विभिन्न नाला सरसफाई तथा मर्मत सम्भार गर्ने | १७५८८८ |
| ६ | वडा नं.९को समसान घाट जाने सडक देखि नखा सम्म कृषि सडक मर्मत सम्भार गर्ने | २००४०० |
| ७ | वडा नं.७भित्रका विभिन्न नयाँ कृषि सडक निर्माण गर्ने र वडा नं. ७ भित्रका विभिन्न नालासरसफाई तथा मर्मत सम्भार गर्ने | ५६७८०० |
| ८ | वडा नं.२को राम भरत यादवको खेत देखि लखन यादवको खेत सम्म नयाँ कृषि सडक नर्माण गर्ने | २२५४५० |
| ९ | कार्यस्थलमाआधारित सिप/ क्षमता विकास तालिम र जिवन उपयोगी सिप तालिम सहभागिहरुमा पारिश्रमिकखर्च | १३३६००० |
| | जम्मा | ३२१४३२५ |

५१ **पन्ध्र शैया अस्पताल -**

५१.१ **पन्ध्र शैया अस्पताल** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ ले म्याद थप हुने अवस्था र नियमावली २०६४ को नियम १२० ले म्याद थपका लागी खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं १/works/NCB/Am 78/79 खानी रौताहा डी एण्ड एन जेभी संग रु.१७१९८३३०८।७६ (मुअकर समेत) २०८०।१२।२५ सम्ममा सम्पन्न हुनेगरी मिति २०७८।१२।२३ मा सम्झौता गरेकोमा हाल तेस्रो रनिङ्ग बिल सम्म रु.६५८७७३२८।० र मुल्य समायोजन वापत रु. ५७४४०४६ मुअकर समेत भुक्तानी गरेको विवरण प्राप्त भएको छ। सो योजना सम्पन्नका लागि २०८२ आश्विन २३ सम्म दोस्रो पटक कुनै पनि थप आर्थिक भार नपर्ने गरी भनि म्याद थप गर्ने निर्णय २०८०।१२।२० मा गरेको छ ।,कार्यसम्पादन जमानत ३, मे २०२६ र ए.पी.जी. ३ अप्रिल, २०२६ सम्म अवधि कायम रहेको प्रमाण संलग्न छ।तर कार्य सम्पन्न गर्ने कार्यतालिका पेश भएको छैन ।यसरी समय समयमा म्याद थप गर्दै जानाले समयमानै कार्य सम्पन्न गर्न कठिनाई हुने मुल्य समायोजन बढ्दै जाने भएकाले कानुनी व्यवस्था अनुरुप समयमै निर्माण कार्य सम्पन्न गर्न पालिकाले थप पहल गर्नुपर्दछ।

५१.२ **बढि मुल्य समायोजन भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११९ मा मुल्य समायोजन गर्न सकिने कुराहरु उल्लेख गरेको छ। पालिकाबाट सातौ रनिङ्ग विलमा रु. ९२३५९५०४।९३ भुक्तानी हुँदा मुल्य समायोजन र पी.एस. आईटम बाहेकको रनिङ विल रकम रु.८४८९६२९६ मा सम्झौताको जी.सी.सी. ५७.३ बमोजिम सम्झौता रकमको ३० प्रतिशत कार्य सम्पन्न पछी र ८० प्रतिशत सम्म कार्य सम्पन्न हुदा सम्म मोविलाईजेसन पेश्की कट्टा गरी सक्नु पर्ने र प्रत्येक रनिङ् बिलवाट २० प्रतिशत का दरले कट्टा गर्दै जानु पर्ने ब्यबस्था गरेको छ ।यसरी कट्टी गरेको रकम र पिएस वापतको रकम मुल्य समायोजन मा समेत घटाई गणना गर्नु पर्ने तथा ठेक्का र मुल्य वृद्धी हुनु अगावै उक्त रकम निर्माण ब्यवसायीले पेश्की लिई सकेको र उक्त रकम कट्टी गर्ने सम्बन्धमा सम्झौतामा स्पष्ट ब्यबस्था नगरेको कारण दोस्रो रनिङ्ग बिलवाट पी.एस आईटमको रकम मात्र कट्टा गरेर मूल्य समायोजन वापत रकम गणना गर्ने गरेको देखिन्छ ।यसरी पहिलेनै भुक्तानी भैसकेको रकममा फेरी मूल्य समायोजन रकम थप गर्नु उपयुक्त नदेखिएले तेस्रो रनिङ्ग विल सम्म ३५ प्रतिशत कार्य सम्पन्न भैसकेको तर भुक्तानीमा कट्टा गरिसकेको मोविलाईजेशन पेश्की रु.४००००००। र पी.एस. रकम रु.१००६८३ गरी जम्मा रु.४१००६८३ मुल्य समायोजन रकम गणना गर्दा उक्त रकम कट्टी नगरेकाले कट्टा नभएको मोविलाइजेशन पेश्की रु.४०००००० र पी.एस आईटम रु.१००६८३ लाई price Adjustment Factor (Pc) 1.073n] गुणान गरी हुने आउने रकम रु. २९९३५०।० कट्टा गरी मुल्य समायोजन रकम भुक्तानी हुनु पर्नेमा सो भन्दा बढि भुक्तानी भएकाले मु.अ.कर समेत रु.३३८२६६। सम्वन्धित ब्यवसायी सँग असुल गरी संचितकोष दाखिला गर्नु पर्ने रु.३३८२६६।०

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३८,२६६ |

५२ **ल्याब टेष्टको बील नभएको** - आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेखिएका रकमको बिल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाले ठेक्का नं. १/works/NCB/Am 78/79 खानी रौताहा डी एण्ड एन जेभी सँग १५ शैया अस्पताल निर्माण कार्यमासंग उक्त कार्यको ल्याब टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.१००६८३ देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

पालिकाले ठेक्का नं /works/NCB/Am 81/82 सुप्रिम एलाईड कन्ट्रक्सन सप्लायर्स सँगको सोनामाइ मन्दिरको चमेनागृह निर्माण कार्यको ल्याब टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.१८३७७।० र होडिङ्ग बोर्ड वापतको रु २१०० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

पालिकाले पालिकाले ठेक्का नं ८/works/NCB/Am 81/82 रेडिएन मसानी जेभिसंग स्वीकृत ड्रईङ्ग अनुसारको दलित आवास भवन निर्माण कार्यको ल्याब टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.१०५४२० र होडिङ्ग बोर्ड वापतको रु. ४५०००।० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश

नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

पालिकाले ठेक्का नं ३/works/NCB/Am 81/82 रेडिएन मसानी जेभिसंग वडा कार्यालयको भवन निर्माण कार्यको ल्याब टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.४९५०० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,२१,०८० |
|---|---|

५३ **बढी भुक्तानी** - सडक बोर्ड नेपालको बजेट स्वीकृती सम्बन्धि पत्रमा बोर्डवाट निकासा भएको रकम आर्थिक बर्षको अन्त सम्म खर्च हुन नसकेमा रकम फ्रिज हुने हुदा एकमुष्ट वचत रकम बोर्डको खातामा फिर्ता पठाउनुपर्ने र आब २०८१।८२ स्थानीय सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन प्रथम बुँदामा स्थानीय तहको कार्य क्षेत्र भित्र पर्ने सडकको मर्मत सम्भारको लागी सम्बन्धित नगरपालिकाले कुल अनुमानित लागतको कम्तीमा ३० प्रतिशत र गाउँपालिकाले २० प्रतिशत बराबरको रकम सम्पुरक कोषको रुपमा ब्यहोर्नु पर्ने उल्लेख गरेको छ साथै उपभोक्ता समितिवाट कार्य गराउदा १० प्रतिशत लागत सहभागिता समेत हुनुपर्ने उल्लेख भएको छ। पालिकाको लागी सडक वोर्ड नेपालवाट निम्नानुसार सडक मर्मत कार्यकालागी भएको खर्च भन्दा बढि भुक्तानी भएको निम्नानुसारको रकम पालिकाको म्याचिङ्ग फण्ड वाट मिलान गरी सोको प्रमाण पेश हुनुपर्ने रु.

| सि नं | भौचर नं मिति | विवरण | निर्माण ब्यवसायी | भुक्तानी रकम | ७० प्रतिशत | ३० प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ५।८२। ३।२३ | भवानिगंज देखि लंका टोल सम्म जाने सडक | दिब्यान्सु बिल्डर्स | ९५०१३२ | ६६५०९२ | २८५०४० |
| २ | ७।८२। ३।२३ | औरहि पावरहाउस देखि मेघरौल जाने सडक | शिवानी निर्माण सेवा | ७३७४४१ | ५१६२०९ | २२१२३२ |
| | | | | १६८७५३७ | ११८१३०१ | ५०६२७२ |

| असुल गर्नुपर्ने | ५,०६,२७२ |
|---|---|

५४ **बिलविजक भन्दा बढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलविजकको भुक्तानी गर्दा प्राबिधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था गरेको छ । पालिकाबाट सडकवोर्ड अन्तर्गत संचालित औरहि पावरहाउस देखि मेघरौल जाने सडक निर्माण कार्य शिवानि निर्माण सेवा संग सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेकोमा प्राविधिकवाट नापजाँच गरी पेश गरेको नापी कितावमा रु.७११७६५ कार्यसम्पन्न भएको उल्लेख भएको छ तर भुक्तानी गर्दा रु ७३७४४१ गरी रु २५६७६।० थप भुक्तानी भएको देखियो । यसरी प्राविधिक मुल्याँकन भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण ब्यवसायीवाट असुल गरी संचितकोष दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २५,६७६ |
|---|---|

५५ **स्वास्थ्य** -

५५.१ **औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।नगरपालिकाले विभिन्न बजेट उपशीर्षकबाट फिगो मेडिसिन सप्लायर्सबाट ७७ प्रकारका औषधि तथा औषधिजन्य सामाग्री रु.१४८९४१४।०(संघिय चालुतर्फ) र साझा दियो मेडिसेल्स प्रालीवाट रु ३९२७५०।० (पालिका चालु तर्फ)

आपुर्तिकर्तामार्फत रु. १८८२१६४।० को औषधि र उपकरण खरिद गरी भुक्तानी दिएको छ।कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान तथा औषधिको वार्षिक आवश्यकताको परिणाम र विवरण तयार गरी पुल सिस्टम बजेट रकम र मागको आधारमा खरिद गर्ने गरेको तर आपूर्तिकर्ताबाट हुने औषधि तथा औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना देखि २ वर्ष बाँकी हुनु पर्दछ । आपूर्तिकर्ताबाट आपूर्ति भएका औषधि वा अन्य सामानको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र स्टोर दाखिला गर्नु पदर्छ पालिकाले Manufacture Company बहेक अन्य विवरण खुलाई दाखिला गरेको र सवै औषधि हस्तान्तरण गरेको उल्लेख गरेतापनि सम्बन्धित स्वास्थ्य संस्थामा रहेको मौज्दात समेत यकिन गरी माग र आवश्यकताको आधारमा औषधि खरिद कार्य व्यवस्थित गर्नु पर्दछ ।

५५.२ **न्यानो झोला वितरण कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतको बर्थिङ सेन्टरको लागी यस बर्ष भौचर नं २१२। २०८२।०३।२४ मा बर्दिवास सर्जिकल हाउसवाट ५०० सेट प्रति सेट रु ८९६ का दरले रु. ४४८०४५।० मा खरिद गरेको देखिन्छ । यस वर्ष औरहि आधारभूत नगर अस्पताल ३०८ जना मात्र प्रसुति भएको बर्थिङ्गसेन्टरवाट पेश भएको विवरणवाट देखिन्छ । गत बर्षको मौज्दात यस बर्षको खरिद तथा बाँकी रहेको अभिलेख तयार नभएकाले मौज्दात यकिन गर्न सकिएन साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।तसर्थ विगतको मौज्दात, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। आगामी वर्षमा न्यानो झोला खरिद गर्नुपूर्व मौज्दातमा रहेका न्यानो झोला प्रयोग गर्नुपर्दछ। यसरी विगतको मौज्दात र आवश्यकताको बस्तुनिष्ठ आँकलन नगरी अनावश्यक रुपमा मौज्जातमा रहने गरी खरिद गरेको देखिएकोले पालिकाले आवश्यकताको पहिचान, मौज्दात यकिन गरी न्यानो झोला खरिद तथा वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : औरही नगरपालिका, महोत्तरी , औरही नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | kesav kumar adhikari | २०८१-३-७ | २०८१-४-३० |
| कार्यालय प्रमुख | pramod kumar thakur | २०८१-६-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Manoj Kumar Mahara | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,७००,५५७.१ | ८,३५९,७२६ | ११,७९३,५१९ | ० | ० | ३५,४४२,६३५.८५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५९,२९६,४३७.९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५९,२९६,४३७.९५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०८७५०६२५.३५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३२५५७२१६.६७ | चालु खर्च | २३११४११२९ |
| प्रदेश सरकारबाट अनुदान | २३०३४३३७ | पूँजीगत खर्च | २२२८२१३४०.४७ |
| राजश्व बाँडफाँट | ८४०३२६९७.७ | वित्तीय/अन्य व्यवस्था | २१४०६६४८२.५२ |
| आन्तरिक आय | ८६५२९००.६७ | | |
| अन्य आय | १३२३९५२१०.८ | | |
| कुल आय | ६८०६७२३६२.८४ | कुल खर्च | ६६८०२८९५१.९९ |
| बाँकी मौज्दात | | १२१३९४०३६.२ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति रभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ९,१३,८९,२६५.२३ | ९,१३,८९,२६५.२३ | ८,५९,१३,२०९.८२ | ८,५९,१३,२०९.८२ |
| १३००० | अनुदान | ३५,२०,०५,४५०.५३ | ३५,२०,०५,४५०.५३ | २४,६४,५०,७५२.३८ | २४,६४,५०,७५२.३८ |
| १४००० | अन्य राजस्व | ५०,८०,५१८.७४ | ५०,८०,५१८.७४ | ३५,२७,३५३.७६ | ३५,२७,३५३.७६ |
| क | कुल जम्मा प्राप्ति | ४४,८४,७५,२३४.५० | ४४,८४,७५,२३४.५० | ३३,५८,९१,३१५.९६ | ३३,५८,९१,३१५.९६ |
| ३ | चालु | २३,११,४१,१२९.०२ | २३,११,४१,१२९.०२ | २०,८७,००,१६२.३५ | २०,८७,००,१६२.३५ |
| २१००० | पारिश्रमिक / सुविधा | ४,८०,१८,०२९.१८ | ४,८०,१८,०२९.१८ | ४,४५,३८,७४१.६८ | ४,४५,३८,७४१.६८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,३०,००,४२०.२५ | ८,३०,००,४२०.२५ | ५,९१,४५,६४३.६७ | ५,९१,४५,६४३.६७ |
| २५००० | सहायता (Subsidy) | ६०,५५,५९१.०० | ६०,५५,५९१.०० | ११,२१,२१४.०० | ११,२१,२१४.०० |
| २६००० | अनुदान | ८,४०,००,७४९.५९ | ८,४०,००,७४९.५९ | ९,२२,३०,९३५.०० | ९,२२,३०,९३५.०० |
| २७००० | सामाजिक सुरक्षा | ४१,८१,७६४.०० | ४१,८१,७६४.०० | ४५,६४,६९२.०० | ४५,६४,६९२.०० |
| २८००० | अन्य खर्च | ५८,८४,५७५.०० | ५८,८४,५७५.०० | ७०,९८,९३६.०० | ७०,९८,९३६.०० |
| ४ | पूंजीगत | २२,२८,२१,३४०.४७ | २२,२८,२१,३४०.४७ | १०,४१,४२,०१०.७८ | १०,४१,४२,०१०.७८ |
| ३१११० | भवन तथा संरचना | ११,४९,३९,७६०.८५ | ११,४९,३९,७६०.८५ | ४,५९,८८,३५६.७८ | ४,५९,८८,३५६.७८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,०२,७५,३७५.०० | १,०२,७५,३७५.०० | ९०,६२,५७६.०० | ९०,६२,५७६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ४,७८,७८१.०० | ४,७८,७८१.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,७५,६६,२०४.६२ | ९,७५,६६,२०४.६२ | ४,२०,१८,६०५.०० | ४,२०,१८,६०५.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ११,८०,१५२.०० | ११,८०,१५२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ५४,१३,५४०.०० | ५४,१३,५४०.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ४०,०००.०० | ४०,०००.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४५,३९,६२,४६९.४९ | ४५,३९,६२,४६९.४९ | ३१,२८,४२,१७३.१३ | ३१,२८,४२,१७३.१३ |
| ग) | बचत /कमी (ग = क-ख ) | (५४,८७,२३४.९९) | (५४,८७,२३४.९९) | २,३०,४९,१४२.८३ | २,३०,४९,१४२.८३ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ५०,७०,६३२.२२ | ५०,७०,६३२.२२ | १२,८४,०७९.२२ | १२,८४,०७९.२२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (४,६६,५०६.००) | (४,६६,५०६.००) | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,१६,६०२.७७) | (४,१६,६०२.७७) | २,४३,३३,२२२.०५ | २,४३,३३,२२२.०५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १०,८७,४८,९१४.६५ | १०,८७,४८,९१४.६५ | ८,४४,१५,६९२.६० | ८,४४,१५,६९२.६० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १०,८३,३२,३११.८८ | १०,८३,३२,३११.८८ | १०,८७,४८,९१४.६५ | १०,८७,४८,९१४.६५ |

## बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची -४

## औरही नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत करार कर्मचारीकोविवरण

| क्र.सं. | नाम र थर | पद | शाखा | कैफियत | तलबस्केल | १३महिनाको |
|---|---|---|---|---|---|---|
| १ | निभा कु.यादव | स्टाप नर्स.(पाँचौं) | | स्वास्थ्यशाखाको दरबन्दी अनुसार | ३४००० | ४४२००० |
| २ | नविनकुमार यादव | जे.टि.ए. | कृषिशाखा | न.पा.कोदरबन्दीमा | २३००० | २९९००० |
| ३ | सतेन्द्रकुमार ठाकुर | जे.टि.ए. | कृषिशाखा | न.पा.कोदरबन्दीमा | २३००० | २९९००० |
| ४ | रामआधार साह | कार्यालयसहयोगी | न.पा.मा | न.पा.कोदरबन्दीमा | १८००० | २३४००० |
| ५ | नथुनीयादव | कार्यालयसहयोगी | न.पा.मा | न.पा.कोदरबन्दीमा | १८००० | २३४००० |
| ६ | जितेन्द्रकुमार यादव | कार्यालयसहयोगी | न.पा.मा | न.पा.कोदरबन्दीमा | २०००० | २६०००० |
| ७ | गंगायादव | कम्प्युटरअपरेटर | वडा नं.५ | नगरपालिकाको श्रोतबाट | २५००० | ३२५००० |
| ८ | निरजठाकुर | कम्प्युटरअपरेटर | वडा नं.६ | नगरपालिकाको श्रोतबाट | २५००० | ३२५००० |
| ९ | प्रदिपकुमार महतो | कम्प्युटरअपरेटर | वडा नं.२ | नगरपालिकाको श्रोतबाट | २५००० | ३२५००० |
| १० | प्रतिमाकुमारी | स.कम्प्युटरअपरेटर | वडा नं.१ | नगरपालिकाको श्रोतबाट | २०००० | २६०००० |
| ११ | बालमिकीपासवान | स.कम्प्युटरअपरेटर | वडा नं.७ | नगरपालिकाको श्रोतबाट | २०००० | २६०००० |
| १२ | राजिबकुमार मुखिया | स.कम्प्युटरअपरेटर | वडा नं.३ | नगरपालिकाको श्रोतबाट | २०००० | २६०००० |
| १३ | राजुसिंह | स.कम्प्युटरअपरेटर | वडा नं.९ | नगरपालिकाको श्रोतबाट | २०००० | २६०००० |
| १४ | शनिकुमार यादव | स.कम्प्युटरअपरेटर | वडा नं.४ | नगरपालिकाको श्रोतबाट | २०००० | २६०००० |
| १५ | डा.राजाराम महतो | मे. अधिकृत(आठौं) | | नगरपालिकाको श्रोतबाट | ४८७३७ | ६३३५८१ |
| १६ | दिपेन्द्रकु, यादव | फार्मेसी (पाँचौं) | औरहीआधारभूत अस्पताल | नगरपालिकाको श्रोतबाट | ३४७३० | ४५१४९० |
| १७ | रबिचौधरी | ल्याव अ.(चौथो) | | नगरपालिकाको श्रोतबाट | २७००० | ३५१००० |
| १८ | शिवनन्दनयादव | अ.हे.व.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-२(चेपकट) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| १९ | सिलाम कु.यादव | अ.न.मी.(चौथो) | | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २० | संजिता कु.यादव | का.स. | | नगरपालिकाको श्रोतबाट | १३००० | १६९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | दिव्या कु.यादव | अ.न.मी.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-४(कठुधार) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २२ | संतोषकुमार राम | अ.हे.व.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-५(श्रीपुर) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २३ | पुनिता कु.यादव | अ.न.मी.(चौथो) | | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २४ | पुनम कु, यादव | का.स. | | नगरपालिकाको श्रोतबाट | १३००० | १६९००० |
| २५ | मनिषा कु.राय | अ.हे.व.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-६(बैरीया) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २६ | धिरेन्द्रकु. राय | का.स. | | नगरपालिकाको श्रोतबाट | १३००० | १६९००० |
| २७ | सन्जु कु.यादव | अ.न.मी.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-७(भोइल) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| २८ | आशा कु.यादव | का.स. | | नगरपालिकाको श्रोतबाट | १३००० | १६९००० |
| २९ | रिता यादव | अ.न.मी.(चौथो) | आधारभूतस्वास्थ्य सेवा केन्द्र-८(टिमकीया) | नगरपालिकाको श्रोतबाट | १७००० | २२१००० |
| ३० | निलम देवीचौधरी | का.स. | | नगरपालिकाको श्रोतबाट | १३००० | १६९००० |
| | | | | | ६२२४६७ | ८०९२०७१ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

**ऐच्छिक विषयहरु (उक्त विषयहरु लागु हुने भएमा मात्र राख्ने अन्यथा हटाउने)**

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।